# अध्याय एक

## १.१. परिचय

पठनबोध भाषाशिक्षणको महत्वपूर्ण पक्ष हो । पढाइ र बुझाइको विकासविना कुनै पनि शिक्षार्थीले भाषिक सीप अभिवृद्धि गर्न सक्दैन । यसका अलावा ज्ञानविज्ञानका विभिन्न क्षेत्रमाथिको उसको पकड स्वतः कम हुन्छ । पठन बोधले अभिव्यक्ति क्षमतामा पनि प्रत्यक्ष असर पार्दछ । पठनबोध क्षमता अभिवृद्धिका लागि भाषापाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक एवम् विद्यालय प्रशासनले विभिन्न कार्यक्रम सञ्चालन गरेको देखिन्छ । पठनबोधलाई विभिन्न तत्वहरूले प्रभावित पारेको हुन्छ । अतः विद्यालयमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन आवश्यकीय छ । यसै कुरालाई मध्यनजर गरी कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठन र बोधस्तरको अध्ययन - विश्लेषण गर्ने ध्येयले यो शोधकार्य सम्पन्न गरिएको छ । प्रस्तुत शोध पत्रको यस अध्यायमा शोधको सटिक परिचय प्रस्तुत गरिएको छ । जसमा शीर्षक, प्रयोजन, उद्देश्य, सीमा महत्वजस्ता उपशीर्षकहरू राखिएको छ ।

## १.२. शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन' रहेको छ ।

## १.३. शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको सङ्केत संख्या ५९८ को परिपूर्तिको प्रयोजनार्थ तयार पारिएको छ ।

## १.४. शोध समस्या

भाषा शिक्षणको आधारभूत सीप मानिने पढाइमार्फत् नै विभिन्न विषयसम्बद्ध ज्ञानको आर्जन हुने गर्छ । पढाइ र बोधको विकासविना जसरी उपयुक्त सामग्री पस्केको उत्कृष्ट पुस्तकको प्रयोजन निष्फल बन्न पुग्छ, ठीक त्यसैगरी प्रभावकारी ढङ्गले तय भएको समसामयिक एवम् वैज्ञानिक पाठ्यक्रम र त्यसअनुसारको पाठ्यवस्तु पनि अर्थहीन बन्न जान्छ । यसर्थ सिकाइको मापनका लागि विद्यार्थीको पठनबोध क्षमताको अध्ययन आवश्यकीय छ । कक्षा ५ वा प्रा.वि. तह उत्तीर्ण गरी कक्षा ६ मा प्रवेश गरेका विद्यार्थीको पठनबोध क्षमताको परीक्षण गर्ने उद्देश्यमा निहित प्रस्तुत शोधकार्यमा निम्न समस्याहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :

क) विद्यालय तहमा कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमता कस्तो छ ?

ख) क्षेत्र, विद्यालयको प्रकृति र लैङ्गिक एवम् भाषागत पृष्ठभूमिका दृष्टिले पठनबोध क्षमता के कस्तो पाइन्छ ?

ग) पठनबोध क्षमताको अभिवृद्धिका लागि के गर्न सकिन्छ ?

## १.५. शोधको उद्देश्य

माथिका शोध समस्यामा आधारित रही यस शोधमा निम्न उद्देश्यहरू राखिएको छ :

क) कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको पहिचान गर्नु,

ख) क्षेत्र ,विद्यालयको प्रकृति र लैङ्गिक एवम् भाषागत पृष्ठभूमिले विद्यार्थीको पठनबोध क्षमतामा पारेको प्रभाव पत्ता लगाउनु,

ग) पठनबोध क्षमता अभिवृद्धिका लागि उपायहरू प्रस्तुत गर्नु ।

## १.६. अध्ययनको महत्व र औचित्य

कक्षा ६ मा अध्ययरत विद्यार्थीको पठनबोध क्षमतामा केन्द्रित भएर गरिएको यस शोधकार्यको *महत्व* निम्नानुसार रहने विश्वास गरिएको छ :

- भाषा पाठ्यक्रमविद्का लागि मौजुदा पाठ्यक्रममा परिमार्जन र सुधार गर्न,
- भाषा पाठ्यपुस्तक तयारीकर्तालाई पाठ्यपुस्तकमा प्रभावकारी र सोहेश्यमूलक एवम् स्तरोपयुक्त पाठ्यांश चयन गर्न,
- शिक्षकका लागि विद्यार्थीको स्तर र भिन्नताअनुसार शिक्षण गर्न,
- अनुवर्ती अनुसन्धानलाई शोधको संरचनात्मक प्रारूप एवम् विषयसम्बन्धी ज्ञान प्राप्त गर्न,
- यस विषयमा थप गम्भीर अनुसन्धान गर्ने अनुसन्धाताका लागि मार्गप्रशस्त गर्न,

विद्यार्थीको पठनबोध क्षमताको अध्ययनमा केन्द्रित रहेर गरिएका शोधकार्यले विभिन्न तह र कक्षामा अध्ययनरत विद्यार्थीको पठनबोधको अध्ययन गरे पनि प्राथमिक तह उत्तीर्ण गरी नि.मा.वि. तह (हालसम्मको विद्यालय संरचनामा) प्रवेश गरेका विद्यार्थीको पठनबोध क्षमता र यसलाई प्रभावित गर्ने भाषिक पृष्ठभूमि, स्थानीयता वा क्षेत्र, लिङ्ग र विद्यालयको प्रकार जस्ता स्वतन्त्र चरहरूको आधारमा गरिने यो तुलनात्मक अध्ययन औचित्यपूर्ण ठानिएको छ ।

## १.७. अध्ययनको सीमाङ्कन

यस शोधकार्यको सीमानिर्धारण निम्नानुसार गरिएको छ :

- यो अध्ययन कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमतासँग सीमित रहेको छ ।

- कक्षा ६ मा पनि भोजपुर जिल्लाका श्री सरस्वती नि.मा.वि., श्री विद्योदय उ.मा.वि., श्री सिद्धकाली इ.स्कूल र श्री युनिक एन्ड युनाइटेड पब्लिक एकाडेमीमा अध्ययनरत ८० जना प्रतिनिधि विद्यार्थीमा यो अध्ययन सीमित रहेको छ ।
- यस अध्ययनमा आश्रित चर पठनबोधलाई प्रभाव पार्ने भाषिक पृष्ठभूमि, लिङ्ग, स्थानीयता र विद्यालयको प्रकार गरी चार स्वतन्त्र चरका आधारमा मात्र प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ ।

## १.८ शोध विधि

शोधका क्रममा सामग्री सङ्कलन र प्रतिवेदन प्रस्तुतीकरणसम्बन्धी विधि र प्रक्रियाका बारेमा अध्याय तीनमा विशेष चर्चा गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकार रहेको छः

**पूर्वभाग** : मुख पृष्ठ, सिफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषयसूची, तालिका सूची, सङ्क्षेपीकृत शब्दको विस्तारित रूप,

**मध्यभागः**

| | |
|---|---|
| अध्याय एक | शोधको परिच |
| अध्याय दुई | पूर्वाध्ययनको समीक्षा |
| अध्याय तीन | अध्ययन विधि तथा प्रक्रिया |
| अध्याय चार | पठनबोधको सैद्धान्तिक परिचय |
| अध्याय पाँच | तथ्याङ्कको व्याख्या तथा विश्लेषण |
| अध्याय छ | निष्कर्ष र सुझाव |

**अन्त्यभाग** : सन्दर्भग्रन्थ सूची, परिशिष्ट

♦

# अध्याय दुई
# पूर्वाध्ययनको समीक्षा

## २.१. परिचय

पूर्वाध्ययन भनेको आफूले अध्ययन-अनुसन्धान गर्ने क्षेत्रमा आफूभन्दा पहिले नै भएका गरिएका कामको इमान्दारितापूर्वक गरिएको अध्ययन हो । "शोधकार्य गर्दा पूर्वाध्ययनको समीक्षा *महत्व*पूर्ण रहन्छ । यसबाट शोध समस्याको वास्तविक ज्ञान भई शोधका लागि गर्नुपर्ने नयाँ कुरा र जानुपर्ने ठाउँको निर्क्योल गर्न सजिलो पर्छ । आधिकारिक तथ्यलाई पहिचान्न र अनुसन्धानको खास क्षेत्रमा प्रवेशिन पूर्वकार्यको अध्ययन प्रभावकारी रहन्छ" (ओझा: २०६२: ६) ।

पठनबोध मूलभूत रूपमा भाषाशिक्षणसँग सम्बन्धित विषयक्षेत्र हो । नेपाली भाषाको अध्यापनको तौरतरिका समेटिएका विभिन्न पाठ्यपुस्तक एवम् सन्दर्भ पुस्तकमा पठनबोधका विषयमा परिचर्चा भएको देखिन्छ  तर यस विषयमा व्यवस्थित अनुसन्धान भएको र त्यस्ता अनुसन्धान प्रकाशित रहेको पाइन्न । विद्यार्थीको पठनबोध क्षमतामा केन्द्रित रहेर गरिएका अनुसन्धान लगभग धेरै अप्रकाशित र एम.एड. तह पार गर्ने प्रयोजनका लागि केन्द्रित रहेको पाइएको छ । पठनबोधको सैद्धान्तिक चर्चा भाषा शिक्षणको प्रयोजनका लागि निर्मित उच्च मा.वि.स्तरीय ,मा.वि.स्तरीय र विश्वविद्यालयस्तरीय पाठ्यपुस्तकमा गरिएको छ । यस्ता सामग्रीहरू प्रायशः पठन एवम् बोध शिक्षणका ध्येयले तयार पारिएको बुझिन आउँछ ।

त्रि.वि. शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभागअन्तर्गत रहेर विगत लामो समयदेखि अन्य विषयहरूका साथमा पठनबोधसँग प्रत्यक्ष सम्बन्धित विभिन्न शीर्षकहरूमा अनुसन्धान कार्य भएको देखिन्छ । यसका अलावा शिक्षा शास्त्र सङ्काय डीनको कार्यलयबाट समय-समयमा त्यस्ता लघु अनुसन्धानहरू सम्पन्न गरिएका छन् । यी दुवै प्रकारका अनुसन्धानले पठनबोधलाई प्रभावित पार्ने विभिन्न स्वतन्त्र चरहरूका आधारमा फरक-फरक कक्षा-तहका विद्यार्थीको पठनबोध क्षमताको तुलनात्मक अध्ययन विश्लेषण गरी निष्कर्ष निकालेको देखिन आउँछ । यस अनुसन्धानमा क्रममा यस्ता अध्ययनहरूमध्ये विद्यार्थीको पठनबोध क्षमतासँग सिधा सम्बन्धित शीर्षक र विषयक्षेत्रमा गरिएका अनुसन्धानको अध्ययनपश्चात् सो को समीक्षा गर्ने काम भएको छ । अध्ययन गरिएका सम्पूर्ण सामग्रीको समीक्षाबाट प्राप्त विषयवस्तुलाई प्रस्तुत गर्दा शोधपत्रको आयतन मात्र बढ्ने सत्यलाई मनन गरी समीक्षात्मक अध्ययनबाट प्राप्त मूलभूत तथ्यहरू तथा निष्कर्षलाई तल प्रस्तुत गरिएको छ ।

## २.२. पूर्वाध्ययनको संक्षिप्त प्रस्तुति

राई, शङ्कर कुमार (२०३९) ले ‘दसौँ कक्षामा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन’ शीर्षकको शोधपत्र निश्चित तह पार गर्ने प्रयोजनका लागि तयार पारेको देखिन्छ । त्रि.वि. शिक्षाशास्त्र अन्तरगतको स्नाकोत्तर तह पूरा गर्ने प्रयोजनमा केन्द्रित यस अनुसन्धानले मूलतः सर्वेक्षण विधि अवलम्बन गरी कक्षा १० मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन गरेको छ । लैङ्गिक आधारमा प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको यस अध्ययनले सामग्रमा सो कक्षाका विद्यार्थीको पठनबोध क्षमता सन्तोषजनक रहेको र तुलनात्मक रूपमा छात्रको भन्दा छात्राको पठनबोध उच्च रहेको निष्कर्ष निकालेको छ । पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्ने विभिन्न आधारहरू रहेपनि यस शोधकार्यले लैङ्गिक आधारलाई मात्र समात्नु यसको सीमा मानिएको छ ।

सुवेदी, हीरालाल (२०५७) ले ‘काठमाडौँ र झापामा कक्षा ९ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताः तुलनात्मक अध्ययन’ शीर्षकका स्नातकोत्तर तह पार गर्ने प्रयोजनले तयार पारेका हुन् । यस शोधपत्रमा मूलतः अध्ययनको आधार भूगोललाई मानिएको छ । झापा र काठमाडौँको विद्यार्थीको पठनबोध क्षमता तुलना गरी निष्कर्ष निकाल्ने ध्ययले सम्पन्न यस शोध कार्यले समग्रमा पठनबोध क्षमता राम्रो र तुलनात्मक रूपमा काठमाडौँको विद्यार्थीको पठन बोध सबल रहेको निष्कर्ष निकालेको छ । यसमा भूगोललाई मात्र अध्ययनको आधार मानिएको छ । पठनबोधलाई प्रभावित पार्ने लिङ्ग भाषिक पृष्ठभूमि जस्ता स्वतन्त्र चरहरूको यहाँ प्रयोग गरी अध्ययन गरिएको छैन ।

गौतम, गुरुप्रसाद (२०६०) ले कक्षा-९ मा अध्यययनरत विद्यार्थीको  पठनबोध क्षमताको अध्ययन’ शीर्षक स्नातकोत्तर तह पारगर्ने प्रयोजनले तयार पारेको शोधमा सर्वेक्षण विधिको प्रयोग गरी भूगोल, क्षेत्र, लिङ्ग र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको पठनबोध क्षमताको अध्ययन गरिएको र समग्रमा विद्यार्थीको पठनबोध क्षमता केही कमजोर रहेको निष्कर्ष निकालेको देखिन्छ । तुलनात्मक विश्लेषणबाट यस अध्ययनले ग्रामीणभन्दा शहरीया, छात्रभन्दा छात्रा, तराइकाभन्दा पहाडका र नेपाली मातृभाषी विद्यार्थीको पठनबोध क्षमता उच्च रहेको देखाउँछ ।

पोखेल, लेखनाथ (२०६१) ले ‘कक्षा ८ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन’ शीर्षकको शोधपत्रमा सर्वेक्षण विधिमार्फत भाषा, लिङ्ग र स्थानीयताका आधारमा पठनबोध क्षमताको तुलनात्मक गरेको देखिन आउँछ । स्नाकोत्तर तह पार गर्ने प्रयोजनले गरिएको उक्त अध्ययनले शहरका, नेपाली मातृभाषा हुने र छात्राको पठनबोध गाउँका, नेपाली मातृभाषा

नहुने र छात्रको पठनबोधभन्दा उच्च रहेको निष्कर्ष निकालेको छ । यो अध्ययन विद्यालयको प्रकार, भूगोलजस्ता चरहरूतर्फ केन्द्रित छैन ।

खनाल, शान्ति (२०६२) को 'काठमाडौँ उपत्यकामा कक्षा ९ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन' शीर्षको स्नातकोत्तर तह पार गर्ने प्रयोजनमा केन्द्रित शोधमा क्षेत्रीय अध्ययन विधिको अवलम्बन गरी भाषा, लिङ्ग, स्थानीयताका आधारमा प्राप्त तथ्याङ्कको तुलनात्मक विश्लेषण गरिएको छ । विद्यार्थीको पठनबोध क्षमताको अध्ययनका दृश्य र अदृश्य दुवैखालका सामग्रीको प्रयोग गरी सम्पन्न भएको यस अध्ययनमा समग्र विद्यार्थीको पठनबोध क्षमता उच्च तर अदृश्यबोध क्षमता कमजोर रहेको देखाइएको छ । यसका साथै लैङगिक हिसाबमा छात्र र छात्राको सो क्षमता समान र भाषिक आधारमा नेपाली मातृभाषीको पठनबोध क्षमता तुलनात्मक रूपमा उच्च रहेको तथ्य यहाँ प्राप्त हुन्छ । अहिलेको समकालीन सन्दर्भमा विद्यालयको प्रकारले पनि विद्यार्थीको पठनबोध क्षमतामा प्रभाव पर्ने सवाल उठिरहेको बेला यस अध्ययनले सो विषयलाई समेटेको देखिँदैन ।

ज्ञवाली कृष्णप्रसाद (२०६२) को 'कक्षा १० मा अध्ययनरत विद्याथीको पठनबोध क्षमताको अध्ययन' शीर्षकको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका लागि सम्मन्न शोधमा मूलतः सर्वेक्षण विधि अवलम्बित छ । स्थानीयता, भाषिक पृष्ठभूमि, लिङ्ग, विद्यालयको प्रकार र जातीयताका आधारमा गरिएको यस अध्ययनमा समग्र विद्यार्थीको पठनबोध क्षमता सन्तोषजनक रहेको र तुलनात्मक रूपमा छात्रा, नेपाली मातृभाषी र सामुदायिक विद्यालयका विद्यार्थीको पठनबोध क्षमता उच्च रहेको निष्कर्ष प्राप्त भएको छ । यस अध्ययनले अदृष्टाङ्श सामग्रीको पठनबोध कमजोर रहेको र नेपाली मातृभाषा हुने जातिका विद्यार्थीको पठनबोध उच्च रहेको निष्कर्ष निकालेको देखिन्छ ।

खड्का, हेमन्त (२०६४) ले 'माध्यमिक तहमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन' शीर्षकको शोध स्नातकोत्तर तह पारगर्ने प्रयोजनले तयार गरेको र सर्वेक्षण विधि अवलम्बन गरी सम्पन्न उक्त शोधमा लिङ्ग र भाषिक पृष्ठभूमिलाई पठनबोध क्षमताको अध्ययनको आधार मानिएको छ । तह विशेषका विद्यार्थीको पठनबोध क्षमताको पहिचान गर्ने उद्देश्यले तयार पारिएको यस शोधमा समग्र विद्यार्थीको पठनबोध क्षमता सन्तोषजक ठानिएको छ । यसैगरी लैङ्गिक आधारमा छात्र र छात्राको पठनबोध क्षमतामा फरक नभएको तर नेपाली मातृभाषा नहुनेहरूका तुलनामा मातृभाषीहरूको सो क्षमता राम्रो रहेको निष्कर्ष प्राप्त हुन्छ । यस अध्ययनले क्षेत्रगत प्रतिनिधित्व गर्ने विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन नगरेको र यो

अध्ययन विद्यालयको प्रकारतिर पनि केन्द्रित नरहेको स्पष्ट हुन्छ । यसका अलावा अदृश्य सामग्रीको प्रयोग गरी पठनबोध क्षमता जाँच्ने काम यसमा भएको छैन ।

दाहाल इन्दिरा (२०६२) ले 'कक्षा ५ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन' शीर्षकको स्नातकोत्तर तह पार गर्ने प्रयोजनले तयार पारेको शोधपत्रमा मूलभूत रूपमा सर्वेक्षण विधिमार्फत प्राप्त तथ्याङ्कको तुलनात्मक विश्लेषण गरिएको छ । लिङ्ग, भाष, स्थानीयता र विद्यालयको प्रकारलाई तुलनात्मक अध्ययनको आधारमा बनाइएको यस शोधमा समग्र विद्यार्थीको पठनबोध क्षमता सन्तोषजनक तर अदृश्य सामग्रीको पठनबोधमा विद्यार्थीहरू कमजोर रहेको तथ्य प्रस्तुत छ । यहाँ छात्रा, नेपाली मातृभाषी र सामुदायिक विद्यालयका विद्यार्थीको पठनबोध क्षमता उच्च रहेको निष्कर्ष यसमा प्राप्त हुन्छ ।

भण्डारी, पारसमणि (२०६६) ले 'कक्षा ४ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन' शीर्षकको अनुसन्धान त्रि.वि. शिक्षाशास्त्र सङकायको डीनको कार्यालय अन्तरगत तयार पारेको देखिन्छ । पुस्तकालय र प्रयोगात्मक विधि अवलम्बन गरी सम्पन्न गरिएको सो लघु अनुसन्धानमा लिङ्ग,भाषा, र स्थानीयतालाई अध्ययनको आधार मानिएको छ । यस अध्ययनले शहरका विद्यार्थीको पठनबोध क्षमता उच्च,यसैगरी छात्रा र नेपाली मातृभाषी विद्यार्थीको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकालेको छ । यहाँ विद्यालयको प्रकारका आधारमा विद्यार्थीको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गरिएको पाइँदैन ।

## २.३. निष्कर्ष

पठनबोध क्षमताको अध्ययनसँग सम्बन्धित रहेर गरिएका त्यस्ता लघु अनुसन्धान मूलतः निश्चित तह पार गर्ने प्रयोजनका लागि केन्द्रित र व्यवस्थित विधिको प्रयोगबाट भएका छन् । यिनले तत्तत् कक्षाका विद्यार्थीको विभिन्न स्वतन्त्र चरहरूका आधारमा तुलनात्मक अध्ययन गरी पठनबोध क्षमतासम्बन्धी निष्कर्ष निकालेको देखिन्छ । यसरी गरिएका अध्ययनले विद्यार्थीको पठनबोध क्षमता अभिवृद्धिका लागि यसमा आउने व्यवधानको निराकरण गर्न प्रशस्त र पर्याप्त विश्लेषण एवम् मूल्याङ्कन गरी सुझाव प्रस्तुत गरेको देखिँदैन ।

नेपालको हालसम्मको शैक्षिक विद्यालयको शैक्षिक संरचनाअनुरूप कक्षा ५ सम्मलाई प्राथमिक तह मानिएको छ । एउटा निश्चित तह पार गरी अर्को तहमा प्रवेश गरेका विद्यार्थीको पठनबोध क्षमताको अध्ययनले तहीय पाठ्क्रम एवम् कक्षागत पाठ्यपुस्तक निर्माताहरूलाई समेत सदुपयोगी भूमिका खेल्न सक्छ । अतः लिङ्ग, मातृभाषा, क्षेत्र र विद्यालयको प्रकारजस्ता चरहरूका आधारमा कक्षा ६ का विद्यार्थीको पठनबोध क्षमताको अध्ययनसम्बन्धी यो शोधकार्य आवश्यकीय ठानिएको छ ।

♦

# अध्याय-तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१. परिचय

प्रस्तुत अध्ययन 'कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा गरिएको छ । पठनबोध सीपको परिक्षणका लागि भोजपुर जिल्लामा अवस्थित चारवटा विद्यालयहरू छनौटमा परेका छन् । मूलतः क्षेत्रीय /प्रयोगात्मक विधिका आधारमा गरिएको यस अध्ययनको तथ्याङ्क सङ्कलन नमुना छनौटका आधारमा भएको छ । तथ्याङ्कको विश्लेषणमा वर्णनात्मक र तुलनात्मक विधिको अवलम्बन गरिएको छ भने प्रतिवेदन तयारीमा पुस्तकालयीय विधिको पनि प्रयोग छ । यस अध्ययनका क्रममा लिइएको जनसङ्ख्या , नमुना, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन तथा विश्लेषणबारे तल सङ्क्षेपमा चर्चा गरिएको छ ।

## ३.२. जनसङ्ख्या

यो शोध कार्य सम्पन्न गर्नका लागि नि.मा.वि.तहमा कक्षा ६ मा अध्ययन गर्ने विभिन्न चार विद्यालयका ८० जना विद्यार्थीलाई जनसङ्ख्याको रूपमा मानी तिनैको सर्वेक्षणमार्फत् तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष निकाल्ने काम गरिएको छ ।

## ३.३. प्रतिनिधि नमुना

प्रतिनिधि नमुनाले समग्र जनसङ्ख्याको प्रतिनिधित्व गर्ने हुनाले र विविधतापूर्ण विशेषतायुक्त जनसङ्ख्याको प्रतिनिधित्व लिइएको नमुनामा बढी भन्दा बढी प्रतिनिधित्व हुन सकोस् भन्ने सुविचारका साथ निम्नानुसारका विद्यालयबाट निम्न सङ्ख्यामा विद्यार्थीलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ :

**तालिका नं. १**

| क्र.सं. | विद्यालय | प्रकृति विद्यालयको | जम्मा नमुना विद्यार्थी |
|---|---|---|---|
| १. | विद्योदय उ. मा.वि., भोजपुर | सामुदायिक | २० |
| २. | सरस्वती नि.मा.वि., पोखरे | सामुदायिक | २० |
| ३. | युनिक एन्ड युनाइटेड पब्लिक एकेडेमी, भोजपुर | निजी | २० |
| ४. | सिद्धकाली इङ्लिस स्कुल, भोजपुर | निजी | २० |

उपर्युक्त तालिकाअनुसार भोजपुर जिल्लामा अवस्थित चारवटा विद्यालयबाट २०/२० जना विद्यार्थी नमुनाको रूपमा लिइएको र विद्यालयहरू छनौट गर्दा २ वटा सामुदायिक र २ वटा निजी विद्यालयलाई लिइएको कुरा प्रष्ट हुन्छ । यहाँ छनौट गरिएको नमुनाभित्र छात्र-छात्रा, नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीको अनुपात सकेसम्म मिलाउने प्रयत्न गरिएको छ ।

## ३.४. सामग्री निर्माण

प्रस्तुत अध्ययनको उद्देश्य दृष्टांश र अदृष्टांश बोधद्वारा पठनबोधको परिक्षण गर्नु रहेकाले बोध परीक्षाका लागि कक्षा ६ को हाम्रो नेपाली किताबबाट 'भानुभक्त श्रद्धाञ्जली' शीर्षकको कविता,'लुइपास्चर' शीर्षकको जीवनी र 'आफ्नै खुट्टामा उभिन सक्नुपर्छ' शीर्षकको संवादबाट सामग्री साभार गरिएको छ भने मेरो नेपाली माला-६ बाट 'लोसर' शीर्षकको प्रबन्ध र गुरुप्रसाद मैनालीद्धारा लिखित सरल र सामाजिक कथा 'छिमेकी' भित्रबाट सामग्री लिएर प्रश्नपत्रमा राखिएको छ ।सामग्री छनौट गर्दा निजी र सामुदायिक विद्यालयका विद्यार्थीलाई दृष्टांश र अदृष्टांश बराबरी पर्ने गरी गरिएको छ । प्रश्नपत्रमा जोडा मिलाउने, ठीक बेठीक छुट्याउने, खाली ठाउँ भर्ने, वक्ता पत्ता लगाउने र छोटो उत्तर दिने खालका प्रश्नहरू राखिएको छ । यी सबै सामग्री परिशिष्टमा दिइएको छ ।

## ३.५ पूर्व परीक्षण

बोधका लागि सामग्री साभार गरी प्रश्नपत्र तयार पारेपछि परीक्षाका लागि जानुअघि प्रश्नपत्रको भाषिक एवम् प्राविधिक हिसाबले सम्पादन गरियो । श्री देवीथान नि.मा.विद्यालयको कक्षा ६ मा अध्ययनरत १६ जना विद्यार्थीबाट उक्त प्रश्नपत्रको परीक्षा गरेपश्चात् प्रश्नहरू माथि पुनः विश्लेषण गरी अनुकूल कठिनाइस्तर र विभेदक सूचक पाइने प्रश्नहरूको समावेश गरी अन्य प्रश्नहरू हटाएर परीक्षणका लागि प्रश्नपत्रको अन्तिम रूप तयार पारिएको हो ।

## ३.६. कार्यान्वयन

यस शोधका लागि तयार पारिएको प्रश्नपत्रको पुनः परीक्षणपश्चात् अन्तिम रूप दिएको प्रश्नपत्रलाई विद्यालयमा गई अनुसन्धाता स्वयम् , सम्बन्धित विद्यालयका विषयशिक्षकको र विद्यालय प्रशासनको सहयोगमा लिखित परीक्षाका लागि दुई घण्टा समयनिर्धारण गरी क्रमशः परीक्षा लिने काम सम्पन्न भयो । लिइएको परीक्षाको प्रयोजन र उद्देश्यका बारेमा विद्यालय प्रशासन विषयशिक्षक र विद्यार्थीलाई अग्रिम जानकारी दिइएको हुनाले परीक्षा निष्पक्ष र सहजरूपमा सम्पन्न गर्न सबैको सहयोग प्राप्त भएको हो ।

## ३.७. तथ्याङ्क सङ्कलन

परीक्षा समाप्त भएपश्चात् पहिले नै तयार पारेको उत्तर कुञ्जिकाअनुसार पुस्तिका परीक्षण गरी प्राप्ताङ्क अङ्कन गरी सबै प्राप्ताङ्कलाई तालिकीकृत गरी छात्र-छात्रा, ग्रामिण-सहरी, निजी, सामुदायिक र नेपाली मातृभाषी एवम् विमातृभाषी विद्यार्थीको नतिजा विश्लेषण गर्ने कार्य गरिएको हो ।

## ३.८. तथ्याङ्कको व्याख्या तथा विश्लेषण

प्राप्त तथ्याङ्कको व्याख्या तथा विश्लेषणका लागि समग्र विद्यार्थीको र लिङ्ग,क्षेत्र,मातृभाष र विद्यालयको प्रकृतिका आधारमा तथ्याङ्कको प्रतिशत, मध्यमान र मानकविचलन निकाली नतिजाको तालिकीकृत प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

♦

## अध्याय-चार

## पठनबोधको सैद्धान्तिक परिचय

### ४.१. परिचय

भाषा सिकाइ भनेको सीपको सिकाइ हो । भाषाभित्र सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सीपहरू आबद्ध हुन्छन् । भाषिक सीपलाई आदानात्मक र प्रदानात्मक गरी दुई भागमा विभक्त गरिन्छ । सुनाइ र पढाइ आदानात्मक सीपहरू हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक सीपअन्तर्गत पर्ने अभिव्यक्ति एक अर्कोसँग अन्तरसम्बन्धित हुन्छन् । आदानात्मक सीपअन्तर्गतको पढाइ सीपसँग सम्बन्धित पठन बोधसँग यो अध्ययन केन्द्रित रहेको हुनाले यस अध्ययनमा मूलतः पठनबोधको सैद्धान्तिक परिचयमूलक सङ्क्षिप्ति प्रस्तुत गरिएको छ ।

### ४.२. बोधको परिचय

'बोध' शब्द 'बुध्' धातुमा संस्कृतको 'घञ्' (अ) प्रत्यय लागेर बनेको छ । जसको अर्थ बुझाइ भन्ने लाग्दछ । बोधको सन्दर्भ अर्थ ग्रहणसँग जोडिएर आएको हुन्छ । अतः बोध मानसिक प्रक्रिया अन्तर्गत पर्दछ । निश्चित लिपिसङ्केतद्वारा लेखिएका भाषिक अभिव्यक्ति वा कसैले उच्चारण गरेको औच्चार्य मौखिक सूचनालाई पठन वा श्रवणको माध्यमले बुझ्नुलाई बोध भनिन्छ ।
"बोधलाई विभिन्न परिभाषाका माध्यमले अझ प्रष्ट ढङ्गले अर्थ्याउन सकिन्छ ।"

- नेपाली बृहत् शब्दकोश (२०६०) का अनुसार "बोध भन्नाले सुनेर वा पढेर बुझ्ने क्षमता वा सीपलाई बुझाउँछ " (पोखरेल : २०६०:९२९) ।
- पराजुली (२०४५) का अनुसार "बोधको तात्पर्य वक्ताले लेख्य वा कथ्य रूपमा प्रकट गरेका अभिव्यक्ति ग्रहणसँग सम्बद्ध छ । त्यसैले यसलाई ग्रहण शक्ति वा क्षमता पनि भनिन्छ " ( पराजुली : २०५४:१) ।
- अधिकारी (२०५९) का अनुसार "भाषा सिकाइका सन्दर्भमा भाषिक अभिव्यक्तिको बुझाइलाई बोध भनिन्छ " (अधिकारी : २०५९:११५) ।
- शर्मा (२०६२) का अनुसार "कुनै पाठलाई त्यसकै माध्यमबाट गहिरो गरी बुझ्ने र त्यसबाट सारभूत कुरा झिक्ने प्रक्रियालाई बोध भन्दछन् " (शर्मा २०६२:२८५) ।
- शर्मा र पौडेल (२०६०) का अनुसार "भाषिक सन्दर्भमा बोधको अर्थ सामान्यतः सुनेका वा पढेका सामग्रीको अर्थ बुझाइ भए पनि व्यापक रूपमा कुनै मौखिक लिखित दृश्य वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु  बोध हो " (शर्मा र पौडेल : २०६०:१०७) ।

उपर्युक्त परिभाषाहरूलाई हेर्दा बोधलाई कुनै कुरा बुझ्ने क्षमता, जानकारी, सुझ, ग्रहणशक्ति आदिका रूपमा लिइन्छ । अतः बोध भन्नाले दृश्यात्मक वा औच्चारिक रूपले कुनै भाषामा प्रस्तुत सूचना एवम् ज्ञानलाई आँखा, कान, र मस्तिष्कको सहायताले सुगठित रूपमा त्यसको अर्थ सार मूलभाव वा विचार ग्रहण गर्ने क्षमता हो भन्ने निष्कर्ष प्राप्त हुन्छ ।

बोध मानसिक प्रक्रिया भएको हुनाले यसले अर्थग्रहण र तत्पश्चात्को अभिव्यक्तिसँग सानिध्य राख्छ । यो आदानात्मक वा ग्रहणात्मक खालको सीप हो । बोधपश्चात् बुझेका कुरालाई प्रस्तुत गर्ने प्रदानात्मक सीप अभिव्यक्ति भएकाले बोध र अभिव्यक्ति एकपछि अर्को आउने गर्दछन् ।

### ४.३. **बोधका प्रकार**

बोध सुनेर वा पढेर बोद्धाले बुझ्ने प्रक्रिया हो । यसलाई भाषिक सीपका आधारमा दुई वर्गीकरण गरिन्छ । ती हुन्: श्रुति बोध र पठनबोध ।

#### ४.३.१. **श्रुतिबोध**

कुनै कुरा सुनेर बुझ्ने प्रक्रियालाई श्रुतिबोध भनिन्छ । उच्चार्य वा मौखिक सूचनाको श्रवणद्वारा अर्थग्रहण गर्ने काम श्रुतिबोध हो । यस क्रममा मौखिक सूचनाका साथमा आएका गैह्र भाषिक सङ्केतका सहायताले पनि अभिप्राय बुझ्न मद्धत मिल्छ । गैह्रभाषिक सङ्केत भन्नाले मुखमुद्रा, चेष्टा, अनुतान, लय, आघात, हाउभाउजस्ता भाषेत्तर प्रतीकहरू हुन् ।

“श्रवणकलाका लागि श्रुतिबोध केन्द्रीय  तत्व हो । सुनेर बुझ्ने क्षमता नै श्रुतिबोध हो । व्यक्तिका भाषिक सीपहरूको संयुक्त विकासका लागि श्रुतिबोध क्षमताका लागि पहिलो अनिवार्यता मानिन्छ ।” (शर्मा र पौडेलः २०६०:१००), “वक्ताले सामुन्ने आएर मौखिक अभिव्यक्ति दिएका र यान्त्रिक उपकरणमा अभिलेख राखिएका वा प्रसारण भएका कुरा सुनेर भाव, अभिप्राय, विचार बुझेर व्यक्त गर्ने सक्ने क्षमता विकसित गर्न-गराउन गरिने भाषिक प्रयाससँग श्रुतिबोधको सम्बन्ध देखिन्छ ” (ढकालः २०६६: १७०) । श्रुतिबोधलाई मुख्यतयाः सामान्य, मनोरञ्जनात्मक र विश्लेषणात्मक गरी तीन भागमा विभक्त गरेको पाइन्छ ।

सामान्यतयाः सुनेका कुरामा आफूलाई मन लागेका कुरामा चासो देखाएर सुन्नु सामान्य श्रुति हो । आनन्द प्राप्तिका लागि रामाइला विनोदप्रिय सामग्रीहरू श्रवण मनोरञ्जक श्रुति हो भने विश्लेषणात्मक धारणासहित कुनै कुराको खण्डन-मण्डन टीकाटिप्पणी गर्ने क्षमता विकासका लागि गरिने विषयवस्तु वा सूचनाको ग्रहणलाई विश्लेषणात्मक श्रुति भनिन्छ । सबै प्रकारका श्रुतिहरू उत्तिकै *महत्व*पूर्ण रहे पनि भाषा सिकाइमा विश्लेषणात्मक श्रुतिलाई तुलनात्मक रूपमा बढी *महत्वपुर्ण* मानिएको छ ।

### ४.३.२. पठनबोध

पठनबोध शब्द र 'पठन' र 'बोध' दुईवटा पदको योगबाट बनेको छ । यसमा पठनको अर्थ पढ्नु र बोधको अर्थ बुझ्नु भन्ने लाग्दछ । अतः पढेर वा पढाइद्वारा कुनै कुराको अर्थबोध हुनु नै पठनबोध हो । "लिपिचिन्हद्वारा प्रस्तुत भएका विचारलाई ग्रहण गर्ने वा बुझ्ने उपायलाई पठन बोध भनिन्छ" (ढकाल:२०६६:२३८) । पठनबोधमा पठन वा पठाइको dxŒjपूर्ण भूमिका हुन्छ अर्थात् पठनको क्षमताविना पठनबोधको औचित्य समाप्त हुन जान्छ । अतः यहाँ पठनका बारेमा थोरै चर्चा सान्दर्भिक ठानिएको छ ।

#### ४.३.२.१. पठन

'पठ' धातुमा 'अन' प्रत्यय लागेर बनेको 'पठन' शब्दको अर्थ पढाइ हो । लिखित सामग्रीलाई आँखा, कान, र मस्तिष्कको सहयोगमा पढ्ने काम गरिन्छ । पठनलाई पढाइको तरिकाका आधारमा मुख्यतःप्रकारमा बाँड्न सकिन्छ ।

##### ४.३.२.१.१. सस्वर पठन

भाषामा देखिएका वा मुद्रण गरिएका सामग्रीलाई स्पष्ट आवाज निकाली श्रोताले बुझ्ने सुनेर बुझ्ने गरी उच्चारण गर्नुलाई सस्वर पठन भनिन्छ । सस्वर पठन गर्दा गति, यति र लय मिलाउने चिन्हविचार गरी पढ्ने, भावअनुसार पढ्ने, हाउभाउका साथ पढ्ने, स्पष्ट आवाज निकाल्ने कुरामा ध्यान दिइन्छ । "बोलीका प्रमुख र *महत्व*पूर्ण विशेषताहरूलाई सञ्चय गर्नुका साथै भाषाको स्वाभाविकताको संरक्षण गर्न सस्वर पठन धेरै हदसम्म उपयोगी रहेको छ । पढ्दा लिखित सामग्रीलाई भावानुकूल जति स्वाभाविकता दिन सकिन्छ, उति नै सस्वर पठनमा सजीवता आउन सक्छ" (दाहाल:२०६६:१३)।

उच्चारण, श्रोताको मानसिक अवस्था, संवेग, वातावरण र अभ्यास, पाठक र श्रोताको शारीरिक अवस्थाले सस्वर पठनमा प्रभाव पार्न सक्छन् । सस्वर पठनका उपयोगिताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ (दाहालः २०६६:१४) ।

क) विद्यार्थीहरूमा शुद्ध उच्चारण क्षमता विकास गर्न,

ख) भावानुसार बाचन गर्ने क्षमताको विकास गर्न,

ग) बाचनसम्बन्धी विभिन्न दोष निराकरण गर्न,

घ) लय मिलाएर बाचन गर्ने क्षमताको विकास गर्न,

ङ) पढाइमा स्थानीयता र भाषिकाको प्रभाव हटाउन,

च) मुद्रित सामग्रीबाट निरक्षर जनतालाई मनोरञ्जन र सूचना प्रदान गर्न ।

### ४.३.२.१.२ मौन पठन

कुनै पनि लिखित सामग्रीलाई मनमनै पढ्नुलाई मौनपठन भनिन्छ । यस प्रकारको पठनद्वारा सीमित समयको उपयोग गरी धेरै सूचना पढ्ने क्षमता अभिवृद्धि गर्न सकिन्छ । “स्वाध्ययनको बानी बसाल्न मौनपठन ज्यादै नै उपयोगी हो । यस उपायद्वारा पाठक आफ्नो प्रयोजन र आवश्यक्ता अनुसार विभिन्न सामग्रीहरू भिन्नभिन्न ढङ्गले पढ्न सक्छ” (अधिकारी २०६२: ७६) । समयको बचत, भावलाई छिटै ग्रहण गर्ने क्षमता विकास र स्वावलम्बी भावनाको उद्बोधनका लागि यस्तो पठन फलदायी देखिन्छ । गहनपठन, द्रुतपठन र आंशिक पठन गरी मौन पठन तीन प्रकारका हुन्छन् ।

पाठमा भएको विषयको केन्द्रीय भाव ग्रहण गर्दै समग्रमा एकाग्र र गम्भीर भएर गरिने पढनलाई गहन पठन भनिन्छ । दाहाल (२०६६) उद्धृत हनबीका अनुसार गहन पठनको उद्देश्य भाषामार्फत् शिक्षार्थीलाई ज्ञानको नयाँ क्षितिजमा पुग्ने अवसर प्रदान गर्नु हो । वैचारिक चिन्तन शक्तिलाई गौण बनाएर मनको एकाग्रमा भावनात्मक मनोरञ्जन पक्षमा अडेर गरिने पठनलाई द्रुत पठन भनिन्छ । यस्तो पठनले छिटो पढ्ने क्षमताको विकास गराउँछ । आफूलाई चाहिएका अंशमात्र पढ्नु आंशिक पठन हो । ठूलाठूला ग्रन्थमा भएका आवश्यकीय कुरा मात्र पढ्न यस्तो पठन उपयोगी ठहर्छ ।

लिखित वा मुद्रित सामग्रीलाई सस्वर पढन र मौन पठन दुवै विधिद्वारा अर्थ बोध गर्न सकिन्छ । स-स्वर पठनको मूल ध्येय भनेको उच्चारणगत प्रष्टता, गति, यति र लयानुकूल पठन सीप अभिवृद्धि गर्नु हो र विषयवस्तुको बोध यसको गौण पक्ष मात्र हो । तर मौन पठन गर्नुको मूल प्रयोजन विषयवस्तुको बोध भएकाले पठनबोधका क्रममा मौन पठनलाई पहिलो र मुख्य प्राथमिकतामा राखिन्छ । पठन बोधमा पाठकले सामान्यतः लिखित वा मुद्रित सामग्रीमा लेखकले अभिव्यक्त गरेका अर्थ वा विभिन्न तत्वहरूलाई एकसाथ आफ्नो मस्तिष्कमा धारण गर्दछ (शर्मा र पौडेल:२०६०:१०७) । ‘‘बोधका निम्ति पाठको शब्दार्थ र वाक्यार्थ मात्र जानेर पुग्दैन, त्यसका निम्ति सिङ्गै पाठलाई गहनता एवम् समग्रतामा बुझ्नु पनि पर्छ र मूल आशयको पहिचान पनि गर्नुपर्छ’’ (शर्मा:२०६०:२८५) ।

अध्ययन-अध्यापनका सन्दर्भमा पठनबोध अत्यन्तै *महत्व*पूर्ण क्षेत्र मानिन्छ । यसले विद्यार्थीमा पढाइ, बोलाइ, र लेखाइ सीपको विकास हुनुका साथै शब्दभण्डारको अभिवृद्धि र अभिव्यक्ति क्षमताको विकासमा टेवा दिन्छ । दृश्येन्द्रिय वा आँखा र मस्तिष्कको संयुक्त मिलनद्वारा पाठक वा बोद्धाका पूर्ण ज्ञान, अनुभव एवम् सिकाइ र दृश्य प्रतिकहरूलाई संगठित पारेर बुझ्ने सीपको प्राप्ति

नै पठनबोधको खास अभिप्राय हो । यस क्रममा आँखाको काम लिपिबद्ध सामग्रीलाई हेर्ने र मस्तिष्कको कार्य सूचनालाई पूर्वानुभव र वाक्प्रतीकका आधारमा अर्थ्याउने हो । पठनबोध लिपिबद्ध गरिएका सामग्रीलाई भाषाको माध्यमले सूचनाका रूपमा ग्रहण गरेर सञ्चित गर्ने र ज्ञानार्जनलाई फराकिलो पार्ने तत्व हो । “पठनबोधले विद्यार्थीको संज्ञानात्मक एवम् भाषिक विकास दुवैमा *महत्व*पूर्ण भूमिका खेलेजस्तै पठनबोधको विकासमा पनि विद्यार्थीले आर्जन गरेको संज्ञानात्मक र भाषि विकासको पृष्ठभूमिले काम गरेको हुन्छ” (दाहालः २०६६:११) । पठनबोधले भाषिक विकासमा योगदान पुऱ्याउनुका साथै व्यक्तिको बोध क्षमता अभिवृद्धि गरी उसको समग्र विकासमा उल्लेखनीय भूमिका खेल्छ ।

**४.३.२.२. पठनबोधका तहहरू**

पठनबोधलाई सामान्यतः चार तहमा वर्गीकरण गर्न सकिन्छः, अभिधात्मक तह, व्याख्यात्मक तह, समिक्षात्मक तह र सिर्जनात्मक तह (शर्माः २०६०:१०८) । यी तहहरूको यहाँ सङ्क्षिप्त परिचय दिइएको छ ।

**४.३.२.२.१. अभिधात्मक तह**

पठनबोधको यो प्रथम वा प्रारम्भिक तहमा बोद्धाले लेख्य सूचना वा सामग्रीमा रहेका शब्द, वाक्य र विचारको शाब्दिक वा प्रारम्भिक अर्थ खोज्दछ । यस तहमा पाठ्यवस्तुमा रहेका तथ्यात्मक विषयलाई बुझ्ने र सम्झने काम सम्पन्न गर्छ । अतः बोद्धाले कुनै सन्दर्भमा अभिव्यक्त शब्द, वाक्य र विचारको सोझो अर्थ मात्र खोज्ने वा बुझ्ने कार्य अभिधात्मक तहमा गर्दछ (शाहः २०६६: १८) ।

**४.३.२.२.२. व्याख्यात्मक तह**

बोद्धाले लेखकले पाठमा प्रत्यक्ष प्रस्तुत गरेको मात्र नभएर परोक्ष रूपमा बताउन खोजेको अन्तर्गर्भित अर्थको अनुमानित अर्थ ग्रहण गर्ने यस तहलाई ढुङ्गेल र दाहाल (२०६३) ले अनुमानित वा तार्किक तह मानेको देखिन्छ । पाठ्यवस्तुमा अन्तर्निहित विविध पृष्ठभूमिजन्य ज्ञानलाई बोद्धाले आफ्नो अनुभव र क्षमताको मिश्रणद्वारा ग्रहण गर्ने यो तह अभिधात्मकभन्दा एक फड्को अघिल्लो तह हो ।

**४.३.२.२.३. समीक्षात्मक तह**

बोधको तेस्रो तहमा बोद्धाले पाठ्यसामग्रीमा रहेको विषयवस्तुलाई आलोचनात्मक ढङ्गले ग्रहण गर्दछ । आफूले पढेका कुराहरूको सत्यता, उपयुक्तता र सकारात्मक एवम् सुधारमूलक पक्षहरूको छानविन गर्न सक्ने तहको रूपमा यसलाई लिइन्छ ।

#### ४.३.२.२.४. **सृजनात्मक तह**

यो तह बोधको उच्चतम् तह हो । यसमा बोद्धाले भाषामा अन्तर्निहित अभिप्रायलाई आफ्नो जीवनका विविध सन्दर्भमा प्रयोग गर्ने सृजनात्मक क्षमता हासिल गर्दछ (शाहः २०६५.१९) । विषयको व्यावहारिक पक्षलाई समात्न सक्ने वा ज्ञानलाई व्यवहारिक जीवनमा ढाल्ने यो तह पठनबोधको सबैभन्दा माथिल्लो र बौद्धिक तह मानिन्छ ।

### ४.३.२.३. **पठनबोधका चरणहरू**

बोधको प्रारम्भिक चरणमा सस्वरपठनबाट बालकहरू बोध क्षमताको विकास गर्नेतर्फ उन्मुख हुन्छन् भने मौनपठनद्वारा माथिल्ला तहमा बोध क्षमता हासिल गर्दछन् । बालकले सुरुमा अक्षर र क्रमशः पदावली र वाक्यको पठन गर्दछन् । पूर्ववर्ती चरणमा भन्दा उत्तरवर्ती चरणमा विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहन्छ । त्यसैले माथिल्ला तहका विद्यार्थीले समग्र पाठ एवम् कृतिलाई मौनपठन गरेर सजिलै सारग्रहण गर्न सक्छन् । तर प्रारम्भिक तहका विद्यार्थीलाई स्तरअनुकूलका सामग्रीमा निरन्तर अभ्यास गराउनुपर्ने हुन्छ (शाहः २०६६: १९) ।

पठनबोध एउटा मानसिक प्रक्रिया हो । यसका क्रममा आँखा, भाषिक प्रतीक, मस्तिष्क र अर्थानुसन्धान जस्ता पक्षहरू सामेल हुन्छन् । बालकहरूको शारीरिक र मानसिक परिपक्वतासँगै भाषिक परिपक्वता हुन्छ । प्रारम्भिक अवस्थामा पठनबोध निकै चुनौतीपूर्ण हुन्छ भने अभ्यास र अनुभवले पाठकलाई उक्त चुनौतीबाट मुक्त गराउँछ (दाहालः २०६६: २४) ।

पठनबोधका चरणहरू देहायबमोजिमका हुन्छन् (अधिकारीः २०६२: ७१)

#### ४.३.२.३.१. **पहिचान**

पहिचान पठनबोधको पहिलो चरण हो । यो पढाइ सीपको ताते गर्ने अभ्यासको चरण हो । यस चरणमा बालकहरू शब्दलाई अक्षर-अक्षरमा खण्डित गरेर पढ्छन् । उनीहरू शब्दलाई दोहोऱ्याई, तेहेऱ्याई पढ्ने र रोकिई रोकिई पढ्ने काम गर्छन ।

यो चरणमा विद्यार्थीहरू अपरिपक्व हुन्छन् तर अभ्यासरत हुन्छन् । शिक्षार्थी कतिपय नवीन शब्द तथा तिनका वर्णविन्यासमा अपरिचित हुनाले पठनका क्रममा अड्ने गर्छ र ती शब्दलाई पृथक रूपमा पहिचान्ने प्रयास गर्छ (अधिकारीः २०६२: ७१) । यो पठनको प्रारम्भिक र कलिलो चरण हो ।

#### ४.३.२.३.२. **सङ्गठन**

यो चरण पहिचानभन्दा विकसित रूप हो । पठन शब्द र अक्षर पहिचानले मात्र पूर्ण हुन सक्दैन । यसचरणमा वालकले वाक्यमा प्रयोग भएका शब्दहरूका बीचको सम्बन्धलाई बुझ्न थाल्छन् । "उनीहरूले लिखित सामग्री पढ्दा आवश्यक ठाउँमा गति, यति मिलाएर पढ्न थाल्छन् ।

आफूले पढ्ने सामग्रीमा पदक्रम नमिलेको भए मिलाएर पढ्छन्" (शाहः २०६६: २०) । विद्यार्थीहरूले यस चरणमा अक्षर, शब्द, पदावली र वाक्य स्तरकै भाषिक संयोजनलाई बुझ्न सक्छन् ।

### ४.३.२.३.३. **अर्थानुसन्धान तह**

पठनबोधको उच्चतम् चरणमा अर्थानुसन्धानलाई राखिन्छ । यो चरणमा विद्यार्थीहरूको भाषिक परिष्कृति, अभ्यास र अनुभावद्वारा खारिएको प्रौढ भाषिक बुझाइ रहन्छ । यस चरणमा पाठकले जटिल, गम्भीर र उच्च बौद्धिक सामग्रीलाई पनि गति, यति मिलाई सस्वर वाचन गर्ने क्षमताको विकास गर्छ भने मौनपठनद्वारा विश्लेषणात्मक, समीक्षामूलक, सारभूत मर्म बुझ्न सक्षम हुन्छ ।

पठनबोधका चरणहरूलाई निम्न रेखाचित्रद्वारा अझ स्पष्ट पार्न सकिन्छ (दाहालः २०६६:२५)

### ४.३.२.४ पठनबोधका उद्देश्यहरू

भाषा शिक्षणका प्रमुख उद्देश्य यसका आधारभुत चार सीपहरूको विकास गर्नु हो भन्ने तथ्य माथि प्रष्ट पारिसकिएको छ । भाषिक सीपको विकासले कुनै सामग्रीमा निहित विषयवस्तुको ज्ञान प्राप्त गर्ने क्षमता बढाउँछ । भाषिक अभिव्यक्तिका लागि पनि विषयवस्तुको पठन र बोधलाई पूर्वाधारमय सर्तका रूपमा राखिने हुनाले पठनकबोधको *महत्व* त्यसै पनि प्रष्ट हुन्छ । लिखित वा मुद्रित सूचना वा सामग्री पढेर बुझ्ने क्षमताको विकास गर्न र ज्ञान विज्ञानका विभिन्न क्षेत्रसँग सम्वन्धित ज्ञानको पठाइ र अर्थ ग्रहणका माध्यमबाट भण्डारण गर्न पनि पठनबोध उपयोगी छ । पठनबोधको उद्देश्य विद्यार्थीका हकमा तहगत र कक्षागत रूपमा फरक-फरक हुन सक्छ । यहाँ

अध्ययनको विषयसँग केन्द्रित भएर नि.मा.वि. तहको भाषा पाठ्यक्रमले प्रस्तुत गरेका तहगत र कक्षागत उद्देश्यको सङ्क्षिप्त चर्चा गरिन्छ ।

**४.३.२.४.१. नि.मा.वि. तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा उल्लिखित पठनबोधसँग सम्बन्धित उद्देश्यको विश्लेषण**

नेपाली भाषा शिक्षण र सिकाइसँग सम्बद्ध भएर तयार भएको निम्न माध्यमिक तहको नेपाली विषयको पाठ्क्रम (२०५८) ले पठनबोधसँग सम्बन्धित साधारण तथा कक्षागत उद्देश्यलाई निम्नानुसार उल्लेख गरेको छ :

- शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न ।
- लिखित सामग्रीलाई भावअनुसार गति, यति, मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न ।
- विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरू मौन वाचन गर्न ।
- विभिन्न उद्देश्यले लिखित सामग्रीहरू पठ्न ।
- पठित शब्दहरू सन्दर्भपूर्ण प्रयोग गर्न
- पढेका विषयवस्तुको सारांश भन्न र लेख्न ।
- पठित शब्दहरूलाई हिज्जे मिलाई लेख्न ।
- विशिष्ट अंशहरूको भावविस्तार गर्न ।
- विभिन्न विषयवस्तुहरू पढी शब्दभण्डार वृद्धि गर्न ।
- व्याकरणका आधारभूत तत्व बुझी तिनको उपयुक्त प्रयोग गर्न ।
- नेपाली भाषामा लेखिएका विभिन्न विधाका समसामयिक पाठ्यसामग्रीहरू पढ्ने अभिरुचिको विकास गर्न ।
- उद्देश्यअनुसारका विभिन्न पठन कौशलहरूको विकास गर्न ।
- शिष्ट र शुद्ध भाषाको प्रयोग गर्ने बानी बसाल्न ।
- साहित्यिक रचनाहरू पढ्ने अभिरुचि बढाउन ।

**कक्षा ६ को कक्षागत उद्देश्य (पठनबोधसँग सम्बन्धित)**

- लिखित सामग्रीलाई गति, यति, र लय मिलाई शुद्ध र स्पष्टसँग बाचन गर्न,
- मुख्य-मुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न,
- लिखित सामग्रीको मौन वाचन गर्न,

- विभिन्न उद्देश्यले विधागत पाठहरू पढ्न,
- पाठमा प्रयुक्त शब्दहरूको आशय बुझी प्रयोग गर्न,
- विभिन्न विधाका पाठहरू भाव ठम्याई पढ्न,
- विभिन्न विधाका पाठहरूबाट शब्दभण्डारको वृद्धि गर्न,

नि.मा.वि. तहका पाठ्यक्रमहरूमा नेपाली विषयको पाठ्क्रमले भाषा सिकाइलाई विषयवस्तुको सिकाइ नभई सीपको सिकाइ मानेको छ । यस पाठ्यक्रमले तहगत रूपमा अनिवार्य नेपाली विषय शिक्षणका जम्मा २५ वटा साधारण उद्देश्य निर्धारण गरेकोमा जम्मा १४ वटा पठन र बोधसँग सम्बन्धित छन् । यस पाठ्क्रमले तहगत उद्देश्यका साथै प्रत्येक कक्षाको कक्षागत उद्देश्य पनि राखको पाइन्छ । कक्षा ६ मा सुनाइ र बोलाइ सीप विकासका ८ वटा,पढाइका लागि ६ वटा र लेखाइका लागि ९ वटा उद्देश्यहरू निर्धारण गरिएको छ । यस तहमा सुनाइ र बोलाइका तुलनामा पढाइ र लेखाइ सीपको विकासमा बढी जोड दिने ढङ्गले पाठ्यक्रम त्यसतिर केन्द्रित रहेको प्रष्ट हुन्छ । अत: पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यका आधारमा उपयुक्त पाठ्यपुस्तक निर्माण गरेर प्रभावकारी रूपले अध्यापन गरेमा पठनबोध फलदायी हुन्छ ।

### ४.३.२.५. पठनबोध शिक्षणको शिक्षणकम

पठनबोध गर्दा अपनाउनुपर्ने चरणहरू एकआपसमा अन्तरसम्बन्धित हुन्छन् । अघिल्लो कार्यकलापले पछिल्लो कार्यकलापलाई सहयोग गर्ने र पछिल्लो कार्यकलापका लागि अघिल्लो कार्यकलाप पृष्ठभूमिको रूपमा रहनु जरुरी हुन्छ । पठनबोध शिक्षणकमलाई यहाँ सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

### ४.३.२.५.१. पाठ्य सामग्रीको छनौट

पठनबोध गराउने शिक्षकले सर्वप्रथम विद्यार्थी स्तर र पृष्ठभूमिको अध्ययन गरी पाठ्य सामग्रीक छनौट गर्नुपर्छ । सामग्री छनौट गर्दा सरलबाट जटिलतिरको सिद्धान्त अपनाउनुपर्छ ।

### ४.३.२.५.२. स्पष्ट निर्देशन

शिक्षकले विद्यार्थीहरूलाई मौन पाठ कसरी गर्ने ?मौन पाठ गरी सकेपछि के-के गर्ने भन्ने विषयमा स्पष्ट मार्गदर्शन गराउनुपर्छ ।

### ४.३.२.५.३. पठनीय वातावरणको सृजना

शिक्षकले विद्यार्थीहरूको पठन वातावरण शान्त, सहज र अनुकूल किसिमको बनाई लिपिबद्ध विचार र भाव ग्रहण गर्नका लागि सहयोग गर्नुपर्छ ।

### ४.३.२.५.४. समयको निर्धारण

मौन पठनका लागि शिक्षक विद्यार्थीहरूले कति समयमा निर्दिष्ट पाठ पढिसक्ने भनी निर्धारण गरिनुपर्छ । सतही पठनका लागि एकपटक पढिसक्ने समय दिनुपर्छ भने गहनपठनका लागि दोहोऱ्याउन सकिने समय उपलब्ध गराउनुपर्छ ।

### ४.३.२.५.५. सामग्री पठन

छनौट भएको सामग्रीलाई पढ्ने निर्देशन दिनुपर्छ । त्यससमयमा शिक्षकले वातावरणलाई शान्त बनाउनका लागि बीच बीचमा बोल्नुहुदैन् ।

### ४.३.२.५.६. प्रश्नोत्तर

मौन पठनपश्चात् शिक्षकले सम्पूर्ण विद्यार्थीहरूलाई सहभागितामूलक ढङ्गले व्यक्तिगत र सामूहिक रूपमा प्रश्नोत्तर र छलफल गराउनुपर्छ । प्रश्नहरू छोटा, छरिता हुनुपर्छ । एउटा प्रश्नमा एउटा मात्र कुरा सोध्नु प्रभावकारी हुन्छ ।

### ४.३.२.५.७. पठनबोधका विभिन्न कार्यकलापको प्रयोग उपयोग

लिपिबद्ध सामग्रीलाई पढिसकेपश्चात् बुदाँ टिपोट, सारांश लेखन, शीर्षक छनौटजस्ता विभिन्न कार्यकलापको प्रयोग उपयोग गर्न सकिन्छ ।

### ४.३.२.६. पठनबोध शिक्षणका कियाकलापहरू

पठनबोध शिक्षणका क्रियाकलापहरूलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :-

1. लिखित सामग्रीलाई निश्चित समय तोकी विद्यार्थीहरूलाई पढ्न लगाई लिखित वा मौखिक उत्तर दिन लगाउन सकिन्छ । प्रश्नहरू विद्यार्थीको तह, स्तर, क्षमताअनुरूपका हुनु जरुरी छ । प्रश्नहरू विषयगत र वस्तुगत दुवै पद्दतिद्धारा निर्माण गर्न सकिन्छ । प्रश्नहरू तल्ला तहका लागि प्रत्यक्षमूलक र माथिल्ला तहका लागि समीक्षात्मक, निचोडमूलक र अनुमानात्मक प्रकारका हुनुपर्दछ (शाहः २०६६ः १८) । प्रश्नोत्तर तल्ला तहदेखि माथिल्ला तहसम्म सबैका लागि उपयोगी हुन्छ ।
2. लिपिबद्ध सामग्रीहरूलाई पढ्न दिएर त्यसमा भएको मूख्य विचार वा केन्द्रीय भाव पत्ता लगाउनु पर्छ ।
3. पाठको खास अनुच्छेद विद्यार्थीलाई पढ्न दिएपछि त्यसभन्दा अघिपछि घटित घटना काल्पनिक क्षमताका आधारमा अनुमान गर्न लगाउन सकिन्छ ।
4. पठित अंशको मूख्य विचार बुझ्रेर त्यसका आधारमा सारग्रहण गर्ने अभ्यास गराउन सकिन्छ ।
5. पठित उद्धरणबाट केही विद्यार्थीहरूलाई प्रश्न निर्माण गर्न लगाउने र बाँकी विद्यार्थीहरूलाई उत्तर खोजेर भन्न लगाउनुपर्छ ।
6. पठित उद्धरणमा अभिव्यक्त भएको विचारप्रति सहमति, असहमति जनाउनका लागि प्रतिक्रिया व्यक्त गर्न लगाउनुपर्छ ।
7. पठित सामग्रीबाट विद्यार्थीहरूलाई बुँदा टिपोट गर्न लगाई कक्षामा छलफल गर्न लगाउनुपर्छ ।

8. विद्यार्थीहरूलाई पहिले नै प्रश्न दिई पाठ्यसामग्रीबाट तिनै प्रश्नहरूको उत्तर खोज्न लगाउनुपर्छ ।
9. पठित उद्धरणको उचित शीर्षकको खोजी गर्न लगाउनुपर्छ ।
10. सम्बन्धित अनुच्छेदका तथ्यहरूलाई तालिकाबद्ध गर्न लगाउनुपर्छ ।
11. पठित अनुच्छेदमा खासखास शब्द, पद झिकी सही शब्दद्वारा वाक्य पूर्ति गर्न लगाउनुपर्छ ।
12. सम्बन्धित पाठको सारांश भन्न लगाउनुपर्छ ।
13. सम्बन्धित पाठमा विविध कुरामा विद्यार्थीहरू बीच छलफल गराउनुपर्छ ।
14. उच्चतम् पठनबोधका लागि पाठको समीक्षात्मक टिप्पणी गर्न लगाउनुपर्छ ।

**४.३.२.७. पठनबोधमा प्रभाव पार्ने तत्वहरू**

वैयक्तिक विविधताका कारण सबै विद्यार्थीको पठनबोध क्षमता एकै गतिमा भएको हुँदैन । पठनबोध क्षमतालाई विकास गर्नका लागि विभिन्न तत्वहरूले *महत्व*पूर्ण भूमिका खेल्दछन् । यी तत्वहरूलाई संक्षेपमा चर्चा गरिएको छ ।

**४.३.२.७.१. सामग्री छनौट**

पठनबोध क्षमता विकासमा प्रभाव पार्ने तत्वमा सामग्री छनौट पनि एक *महत्व*पूर्ण तत्व हो । सामग्री छनौट गर्दा विद्यार्थीको स्तर निरूपण गर्ने विषयवस्तुको उपयुक्तता, उपयोगितात्मकता,प्रामाणिकता, स्तर, प्रकृति र स्रोतनुकूल हुने खालका छनौट गर्नुपर्छ । यसो नभएको खण्डमा पठाबोध क्षमता विस्तार गर्ने कुरा असम्भव छ ।

**४.३.२.७.२. वातावरण**

पठनबोध क्षमता विकासमा प्रभाव पार्ने प्रमुख तत्व वातावरण हो । विद्यार्थीहरूका लागि खुल्ला, शान्त, तनावमुक्त वातावरणको सिकाइ दीगो र भरपर्दो हुन्छ । मौनपठनका लागि त झनै वातावरणको अनुकूलताको खाँचो पर्दछ । यदि ध्यान कोलाहलपूर्ण, तनावपूर्ण एवम् सङ्कुचित वातावरणमा पठनबोधको अभ्यास गराइयो भने राष्ट्रको शैक्षिक लगानी नै अर्थहीन हुनसक्छ र विद्यार्थीको बौद्धिक विकासमा गम्भीर आघात पर्न सक्छ (शाह : २०६६:२८) । अनुकूल वातावरण पठनबोध क्षमता विकासको प्रभाकारीतत्व भएकाले यसको अपरिहार्यतालाई स्वीकार्नुपर्ने देखिन्छ ।

**४.३.२.७. ३. विद्यार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक पक्ष**

कुनै पनि विषयवस्तु पढी त्यसको सारभूत कुरा बुझ्न व्यक्ति शारीरिक, मानसिक र संवेगात्मक रूपमा स्वथ हुनुपर्छ ।मानसिक रूपमा कमजोर बालकले सन्तुलनात्मक स्मरण गर्नै नसक्ने हुनाले पठनबोध क्षमता उच्चस्तरको हुन्छ ।

४.३.२.७. ४. **अभ्यास**

अभ्यास तथा पुनरावृत्ति भाषा सिकाइ सिद्धान्त हो । त्यसकारण पठनबोध क्षमता विस्तार गर्न अभ्यासको महत्वपूर्ण भूमिका रहन्छ । पठनबोध क्षमता विकासका लागि निरन्तर अभ्यास गर्नुपर्छ । 'अभ्यासले मानिसलाई पूर्ण बनाउँछ,' त्यसकारण विभिन्न विधाका लेख, रचना, पत्रपत्रिकाको निरन्तर अध्ययनद्वारा बालकहरूको पठनबोध क्षमता विकास गर्न सकिन्छ । पटक-पटकको अभ्यास तथा पुनरावृत्तिद्वारा पठनबोधको परिष्कृति र परिमार्जन गरी उच्चतम् पठनबोधको विकास गर्न सकिन्छ ।

४.३.२.७. ५. **उत्प्रेरणा**

सिकाइका लागि भित्री मनद्वारा जाग्ने रहरलाई उत्प्रेरणा भनिन्छ । यो व्यक्ति आफैंद्वारा हुनु प्रभावकारी मानिन्छ । कहिले काहीँ उत्प्रेरणा अन्य व्यक्तिद्वारा हुन्छ । व्यक्तिले आ०ना अन्तर इच्छाले सिकेको सिकाइ दीगो र स्थायी हुन्छ । व्यक्तिले तन, मन, वचन र कर्मले समर्पित सिकाइ दीर्घकालीन हुन्छ । अतः उपयुक्त मात्रामा पुरस्कार,पुनर्बलको प्रयोग गरेर साथै उचित सल्लाह सुझाव दिएर सिकाईलाई प्रभावकारी बनाउन सकिन्छ । यदि उत्प्रेरणा भएन भने सिक्ने-सिकाउने कुरा गाह्रो पर्छ । उत्प्रेरणाद्धारा विद्यार्थीलाई उत्प्रेरित गरे पठनबोध क्षमताको विकास गर्न सकिन्छ ।

४.४. **निष्कर्ष**

सुनेर वा पढेर कुनै विषयको जानकारी ग्रहण गर्ने प्रक्रिया कोध हो भने पढाइमार्फत गरिने अर्थ ग्रहणलाई पठनबोध भनिन्छ । पठनबोधले व्यक्तिको भाषिक विकासमा योगदान गर्नुका अलावा व्यक्तिको समग्र बोध क्षमता अभिवृद्धि गरी उसको व्यक्तित्व विकासमा पनि भूमिका खेल्छ । पठनबोधका अभिधात्मक, व्याख्यात्मक, समीक्षात्मक र सिर्जनात्मक गरी चार तहहरू हुन्छन् । पठनबोध चरणबद्ध रूपमा सम्पन्न हुन्छ । पहिचान, सङ्गठन र अर्थानुसन्धान यसका चरणहरू हुन् । पठनबोध वातावरण, सामग्री छनौट, उत्प्रेरणा, अभ्यास र शिक्षार्थीको शारीरिक, मानसिक र संवेगात्मक अवस्थादिले प्रभावित हुन्छ । उपयुक्त क्रियाकलाप अपनाएर उचित शिक्षणक्रमा पठनबोध शिक्षण गरे पाठ्यक्रमले तोकेका उद्देश्य पूरा गर्न सकिने देखिन्छ ।

♦

# अध्याय-पाँच

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

## ५.१. परिचय

कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन शीर्षकमा यो लघु शोधकार्य गरिएको छ । कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमता पहिल्याउँदै उनीहरूको पठनबोध क्षमतामा प्रभाव पार्ने विभिन्न चरहरूको व्याख्या तथा विश्लेषण गरी पठनबोध क्षमता अभिवृद्धिका उपायहरू प्रस्तुत गर्ने उद्देश्य लिएर थालिएको यस अध्ययनमा भोजपुर जिल्लाका चारवटा विद्यालयहरूमा अध्ययनरत असीजना विद्यार्थीलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ । यस क्रममा सम्बन्धित विद्यालयमा गएर प्रश्नावलीको प्रयोगद्वारा मौखिक र लिखित परीक्षा सञ्चालन गरी उत्तरपुस्तिका सङ्कलन गरिएको र ती उत्तरपुस्तिकाबाट प्राप्त नतिजालाई यहाँ विभिन्न दृष्टिले विश्लेषण गर्दा प्रतिशत गणना, मध्यक, मानक विचलनलगायतका साङ्ख्यीकीय विधिको उपयोग गरिएको छ र लिङ्ग, क्षेत्र, विद्यालयको प्रकृति र भाषिक पृष्ठभूमि जस्ता विभिन्न चरहरूको तुलनात्मक विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ५.२. तथ्याङ्क सङ्कलन र विश्लेषण

लैङ्गिक आधार, विद्यालयको प्रकृति क्षेत्र र नेपाली मातृभाषाका आधारमा पठनबोध क्षमताविश्लेषणका लागि तथ्याङ्क सङ्कलन गर्दा निम्न अनुपातमा गरिएको छ :

**तालिका नं. २**

| जिल्ला भोजपुर | | | लिङ्गगत आधार | | | क्षेत्रगत आधार | | | भाषिक आधार | | | विद्यालयको प्रकृतिको आधार | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | | संख्या | प्रतिशत | | संख्या | प्रतिशत | | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| **विद्यालयको नाम** | २० | २५ | | | | | | | | | | | | |
| विद्योदय उ. मा. वि., भोजपुर | २० | २५ | | | | | | | | | | | | |
| सरस्वती नि.मा.वि.,पोखरे | २० | २५ | | | | | | | | | | | | |
| युनिक एन्ड युनाइटेड पब्लिक एकाडेमी | २० | २५ | छात्र | ३४ | ४२.५ | गाउँ | ४० | ५०% | नेपाली मातृभाषी | ३८ | ४७.५ | निजी | ४० | ५० |
| सिद्धकाली इङ्लिस स्कूल, भोजपुर | २० | २५ | छात्रा | ४६ | ५७.५ | सहर | ४० | ५०% | विमातृभाषी | ४२ | ५२.५ | सामुदायिक | ४० | ५० |
| **जम्मा** | ८० | १०० | | ८० | १०० | | ८० | १०० | | ८० | १०० | | ८० | १०० |

माथिको तालिकाअनुसार भोजपुर जिल्लाका चारवटै विद्यालयबाट बराबर वा २० को सङ्ख्यामा प्रतिनिधि नमुना विद्यार्थी छनौट गरिएकोमा गाउँ र सहरका विद्यार्थीको अनुपात बराबर

पारिएको छ । यस अध्ययनमा निजी र सामुदायिक विद्यालयका विद्यार्थीसमेत ५०/५० प्रतिशतको बराबरी सङ्ख्यामा परेका छन् । लैङ्गिक पक्षका आधारमा छात्रालाई छात्रको भन्दा १५% बढी अर्थात ५७.५ प्रतिशत र नेपाली विमातृभाषीलाई मातृभाषीभन्दा ५% प्रतिशत बढी अर्थात ५२.५ प्रतिशत छनौट गरिएको छ । यसो गर्नुको मूलकारण जिल्लाको जनसङ्ख्यामा नेपाली विमातृमाभीको जनसङ्ख्या ६० प्रतिशतभन्दा माथि हुनु र विद्यालयमा छात्राको सङ्ख्या प्राय धेरै हुनु रहेको छ ।

### ५.२.१ समग्र विद्यार्थीको पठनबोध क्षमताको विश्लेषण

कूल विद्यार्थीको पठनबोधको स्तर विश्लेषण गर्ने क्रममा यहाँ प्रतिशत, मध्यमान र मानक विचलनलाई मूल आधार मानिएको छ । यस क्रममा बोध परीक्षणका लागि लिइएको परीक्षाबाट प्राप्त नतिजालाई प्रतिशतका आधारमा तलको तालिकामा राखिएको छ । दोस्रो तालिकामा मध्यकलाई आधार मानी नतिजा राखिएको छ । यसो गर्दा ५० पूर्णाङ्कको पूरा बोध र २५/२५ पूर्णाङ्कका दृष्टांश र अदृष्टांश बोधमा प्राप्ताङ्कको मध्यमान र मानक विचलन गणना गरी तालिकामा दिइएको छ ।

#### ५.२.१.१. प्रतिशतको आधार

**तालिका नं. ३**

| प्राप्ताङ्क स्तर / बोध प्रकार | २५ % भन्दा कम | | २५-५०% सम्म | | ५०-७५% सम्म | | ७५ % भन्दा बढी | | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| दृष्टांश बोध | २ | २.२५ | २२ | २७.५ | १८ | २२.५ | ३८ | ४७.५ | ८० | १०० |
| अदृष्टांश बोध | १६ | २० | १५ | १८.७५ | २२ | २७.५ | २७ | ३३.७५ | ८० | १०० |
| समग्र बोध | ११ | १३.७५ | १६ | २० | २५ | ३१.२५ | २८ | ३५ | ८० | १०० |

प्रस्तुत तालिकाअनुसार छनौटमा परेका जम्मा ८० विद्यार्थीहरूको दृष्टांश पठनबोधको नतिजालाई हेर्दा कूल २५ पूणाङ्कमा ७५% भन्दा बढी प्राप्ताङ्क पाउने विद्यार्थीको ४७.५ प्रतिशत वा रहेको छ भने २५% भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीको संख्या २.२५ प्रतिशत रहेको देखिन्छ । यस बाहेक २५-५०% सम्म अङ्क प्राप्त गर्ने विद्यार्थी र ५०-७५% सम्म प्राप्ताङक ल्याउने विद्यार्थी क्रमशः २७.५ र २२.५ देखिन्छ ।

यसै गरी अदृष्टांश बोधमा २० प्रतिशतले २५% भन्दा कम, १८.७५ प्रतिशतले २५-५०% सम्म,२७.५ प्रतिशतले ५०-७५% सम्म अङ्क प्राप्त गरेका छन् भने ३३.७५ प्रतिशतले ७५% भन्दा माथि अङ्क ल्याएको देखिन आउँछ ।

समग्र बोधको नतिजालाई हेर्दा १३.७५ प्रतिशतले २५% भन्दा कम, २० प्रतिशतले २५-५०% सम्म, ३१.२५ प्रतिशतले ५०-७५% सम्म र ३५ प्रतिशत विद्यार्थी ७५% भन्दा माथि अङ्क ल्याउने वर्गमा पर्दछन् ।

मथिको तालिका र विश्लेषणबाट निम्न निष्कर्ष प्राप्त हुन्छ :

- दृष्टांश बोधको ४७.५% विद्यार्थीले ७५% भन्दा बढी अङ्क प्राप्त गरको र २२.५ प्रतिशत विद्यार्थीले ५०-७५% सम्म अङ्क प्राप्त गरकोले जम्मा ५०% भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको संख्या ७०% देखिन आउँछ । अतः पाठ्यपुस्तकभित्रका वा दृश्य सामग्रीको पठनबोध क्षमता राम्रो देखिन्छ ।
- अदृष्टांश बोधमा ३३.७५ प्रतिशत विद्यार्थीले ७५% भन्दा बढी अङ्क पाएका र २७.५ प्रतिशत विद्यार्थी ५०-७५% सम्म अङ्क प्राप्त गरेकाले जम्मा ५०% भन्दा बढी प्राप्ताङ्क हासिल गर्ने विद्यार्थीको संख्या ६१.२५ प्रतिशत देखिन आउँछ । अत : अदृश्य वा पाठ्य पुस्तकबाहिरका सामग्रीको पठनबोध क्षमता दृष्टांशका तुलनामा कमजोर छ ।
- समग्र पठनबोधको नतिजा हेर्दा ३५ प्रतिशत विद्यार्थीले ७५% भन्दा बढी अङ्क प्राप्त गरेको र ३१.२५% विद्यार्थीले ५०-७५% अङ्क हासिल गरेकाले जम्मा ५०% भन्दा बढी प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी ६६.२५ प्रतिशत देखिन आउँछन् । अतः सो कक्षाका विद्यार्थीको समग्रमा पूरै पठनबोधको सन्तोषजनक देखिन्छ ।
- यस कक्षाका २.२५% विद्यार्थी दृष्टांश बोधमा अति कमजोर र २७.५% विद्यार्थी कमजोर देखिएका छन् । यसै गरी अदृष्टांश बोधस्तरमा २०% अतिकमजोर र १८% कमजोर देखिएका छन् । पुरै पठनबोधको नतिजामा पनि यस्तै स्थिति देखिन्छ । यसका कारणहरू निम्नलिखित रहेका पाइएको छ ।

  क) आर्थिक अवस्था कमजोर हुनु,

  ख) पारिवारिक पृष्ठभूमि शिक्षित नहुनु,

  ग) उत्प्रेरणाको कमी हुनु,

  घ) शिक्षकको निस्क्रियता रहनु,

  ङ) स्मरण शक्ति कमजोर हुनु,

  च) विद्यार्थीको लापरवाही रहनु,

  छ) विद्यालय प्रशासनले बेवास्ता गर्नु ।

### ५.२.१.२. मध्यमान र मानक विचलनका आधार

**तालिका नं. ४ :**

| प्राप्ताङ्क स्तर<br>बोध प्रकार | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| दृष्टांश बोध | १५.६७ | ५.९७ | ४९ | ६१.२५ | ३१ | ३८.७५ | ८० | १०० |
| अदृष्टांश बोध | १४.६ | ७.२२ | ४० | ५० | ४० | ५० | ८० | १०० |
| समग्र बोध | ३०.२५ | १२.४ | ४२ | ५२.५ | ३८ | ४७.५ | ८० | १०० |

माथिको तालिकाअनुसार नमुनामा परेका जम्मा ८० जना विद्यार्थीमा पठनबोध क्षमताको अध्ययन गर्दा दृष्टांश बोधको पूर्णाङ्क २५ मा विद्यार्थीले प्राप्त गरेको अङ्कका आधारमा गणना गर्दा मध्यमान १५.६७ र मानक विचलन ५.९७ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा ६१.२५% विद्यार्थी मध्यमानभन्दा माथि र ३८.७५% विद्यार्थी मध्यमानभन्दा तल रहेको देखिन्छ ।

अदृष्टांश बोधको नतिजाका आधारमा मध्यमान १४.१६ र मानक विचलन ७.२२ रहेको छ । मध्यमानका आधारमा स्तर वर्गीकृत गर्दा ५०% विद्यार्थी मध्यमानभन्दा माथि र बाँकी ५०% मध्यमानभन्दा तल रहेको पाइएको छ ।

समग्र पठनबोध परीक्षणका क्रममा मध्यमान ३०.२५ र मानक विचलन १२.४ रहेको छ भने ५२.५% मध्यमानभन्दा माथि र ४७.५०% विद्यार्थी मध्यमानभन्दा तल वर्गीकृत भएका छन् । यस विश्लेषणबाट निम्न निष्कर्ष प्राप्त हुन्छ :

- दृष्टांश बोधमा ६१.२५% विद्यार्थी मध्यमानभन्दा माथि पर्नुले विद्यार्थीको दृश्य सामग्रीको पठनबोध राम्रो मानिन्छ ।
- अदृष्टांश पठनबोधमा ५०% विद्यार्थी मध्यमानभन्दा माथि र बाँकी ५०% विद्यार्थी सो भन्दा तल रहनुले अदृश्य सामग्रीको पठनबोध सामान्य सन्तोषजनक मात्र देखिन्छ ।
- समग्र पठनबोधको नतिजामा पनि ५२.५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि पर्नु र ४७.५% तल रहनुले समग्रमा यस कक्षाका विद्यार्थीको पठनबोध सामान्य सन्तोषजनक मात्र रहेको जनाउँछ ।
- दृष्टांश पठनबोधको मानक विचलन ५.९७ देखिनुले यसमा प्राप्ताङ्कको असमानता धेरै छ भन्ने जनाउँछ । यसका तुलनामा अदृष्टांश पठनबोध परीक्षणको नतिजामा अझ ठूलो भिन्नता वा विचलन रहेको भन्ने बोध हुन्छ ।

### ५.३.  तथ्याङ्कको तुलनात्मक विश्लेषण

विभिन्न चरहरूका आधारमा पठनबोधको क्षमताको तुलनात्मक विश्लेषण गर्ने क्रममा यहाँ समग्र विद्यार्थीको विश्लेषणमा झैँ प्रतिशत र मध्यमान र मानक विचलनका आधारमा गाउँ-सहर, निजी-सामुदयिक, छात्र-छात्रा र नेपाली मातृभाषी र विभातृभाषी विद्यार्थीको पठनबोधको तुलनात्मक अध्ययन गरिएको छ ।

#### ५.३.१. क्षेत्रका आधारमा विद्यार्थीको पठनबोध स्तर विश्लेषण

#### ५.३.१.१ प्रतिशतको आधार

**तालिका नं. ५:**

| प्राप्ताङ्क स्तर | | २५% भन्दा कम | | २५-५०% सम्म | | ५०-७५% सम्म | | ७५% भन्दा बढी | | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बोध प्रकार | क्षेत्र | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| दृष्टांश | गाउँ | २ | ५ | १७ | ४२.५ | १० | २५ | ११ | २७.५ | ४० | १०० |
| बोध | सहर | – | – | ५ | १२.५ | ८ | २० | २७ | ६७.५ | ४० | १०० |
| अदृष्टांश | गाउँ | १६ | ४० | ९ | २२.५ | १० | २५ | ५ | १२.५ | ४० | १०० |
| बोध | सहर | – | – | ६ | १५ | १२ | ३० | २२ | ५५ | ४० | १०० |
| समग्र | गाउँ | ११ | २७.५ | १३ | ३२.५ | १३ | ३२.५ | ३ | ७.५ | ४० | १०० |
| बोध | सहर | – | – | ३ | ७.५ | १२ | ३० | २५ | ६२.५ | ४० | १०० |

माथिको तालिकाअनुसार क्षेत्रका आधारमा गाउँ र सहरका विद्यार्थीको समूहगत पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्न सकिन्छ ।

दृष्टांश बोधको नतिजामा गाउँका विद्यार्थीको प्राप्ताङ्कलाई हेर्दा ५% विद्यार्थीले २५% भन्दा कम अङ्क, ४२.५% ले २५-५०% सम्म अङ्क, २५% विद्यार्थीले ५०-७५% अङ्क प्राप्त गरेको देखिन्छ भने गाउँका २७.५ प्रतिशत विद्यार्थीले ७५% भन्दा बढी अङ्क प्राप्त गरेको देखिन्छ । दृष्टांश बोधमा सहरी क्षेत्रको प्रतिनिधित्व गर्ने विद्यार्थीमध्ये १२.५% ले ५०% भन्दा कम अङ्क प्राप्त गरको र २०% ले ५०-७५% सम्म र बाँकी ३७.५% ले ७५% भन्दा बढी अङ्क प्राप्त गरेको देखिएको छ ।

अदृष्टांश बोधको नतिजाको हकमा गाउँबाट प्रतिनिधित्व गर्नेमध्ये ४०% विद्यार्थीको प्राप्ताङ्क २५% भन्दा कम, २२.५% ले २५%-५०% सम्म, २५%ले ५०-७५% सम्म रहेको छ भने मात्र १२.५% विद्यार्थीले ७५% भन्दा बढी प्राप्ताङ्क हासिल गरेको देखिन्छ । सहरी क्षेत्रका विद्यार्थीमध्ये १५% ले

२५-७५% सम्म, ३०% ले ५०-७५% सम्म र ५५% विद्यार्थीले ७५% भन्दा माथि अङ्क प्राप्त गरेका छन् ।

समग्र बोधको नतिजामा ग्रामीण क्षेत्रका विद्यार्थीमध्ये २७.५% ले २५% भन्दा कम अंक, ३२.५% ले २५-५०% सम्म, ३२.५% ले ५०-७५% सम्म र बाँकी ७.५% ले मात्र ७५% भन्दा बढी अङ्क प्राप्त गरेको पाइएको छ । यसैगरी सहरी क्षेत्रका विद्यार्थीमा ७.५% ले २५-५०% सम्म, ३०% ले ५०-७५% सम्म र ६२.५% विद्यार्थीले ७५% भन्दा माथि अङ्क प्राप्त गरेको देखिन्छ । माथिको तालिका र यस विश्लेषबाट निम्न निष्कर्ष प्राप्त हुन्छ ।

- गाउँबाट प्रतिनिधित्व गर्ने विद्यार्थीमा दृष्टांश बोधमा जम्मा २७.५% विद्यार्थीले ७५% भन्दा बढी अङ्क प्राप्त गरेको र २५% विद्यार्थीले ५०-७५% सम्म अङ्क प्राप्त गरकाले ५०% भन्दा माथि अङ्क ल्याउने विद्यार्थी संख्या ५२.५% देखिन आउँछ । अत : दृष्टांश पठनबोधको गाउँका विद्यार्थीको क्षमता सामान्य सन्तोषजनक देखिन्छ ।
- अदृष्टांश बोधमा गाउँका विद्यार्थीहरूमध्ये ३७.५% विद्यार्थीले मात्र ५०% भन्दा माथि अङ्क प्राप्त गरेको र ६२.५% विद्यार्थीको ठूलो हिस्सा ५०% भन्दा कम ल्याउने वर्गमा परेकाले गाउँका विद्यार्थीको अदृश्य सामग्रीको बोध क्षमता अत्यन्त कमजोर देखिन्छ ।
- समग्र पठनबोधमा गाउँका विद्यार्थीहरूमध्ये ४०% विद्यार्थीले मात्र ५०% भन्दा माथि प्राप्ताङ्क ल्याउनु र ६०% विद्यार्थीको ठूलो हिस्सा ५०% भन्दा कम अङ्क हासिल गर्ने वर्गमा परेकाले समग्र पठनबोध क्षमतामा गाउँका विद्यार्थी कमजोर देखिएका छन् ।
- सहरका विद्यार्थीको दृष्टांश बोधमा २०% विद्यार्थीले ५०% भन्दा बढी अङ्क प्राप्त गरेको र ६७.५% ले ७५% कटाएकाले सहरका विद्यार्थीको दृष्टांश पठनबोध क्षमता अत्यन्त राम्रो देखिन्छ ।
- सहरका विद्यार्थीको अदृष्टांश पठनबोध परीक्षामा ५५% ले ७५% भन्दा बढी अङ्क प्राप्त गरेको र जम्मा ८५% विद्यार्थीले ५०% भन्दा माथि अङ्क ल्याउनुले सहरका विद्यार्थीको अदृटांश पठनबोध क्षमता उच्च रहेको पुष्टि हुन्छ ।
- समग्र पठनबोधमा सहरका विद्यार्थीमध्ये ६२.५% ले ७५% भन्दा माथि अङ्क प्राप्त गर्नुले समग्रमा सहरका विद्यार्थीको पठनबोध क्षमता उच्च देखाएको छ ।
- दृष्टांश, अदृष्टांश र समग्र पठनबोध क्षमता गाउँको भन्दा सहरको उच्च देखिन आउँछ ।

### ५.३.१.२. मध्यमान र मानक विचलनको आधार

**तालिका नं. ६ :**

| प्राप्ताङ्क स्तर बोध प्रकार | समग्र मध्यमान | समग्र मानक विचलन | क्षेत्र | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| दृष्टांश बोध | १५.६७ | ५.९७ | गाउँ | १४.२५ | ६.०८ | १८ | ४५ | २२ | ५५.५ |
| | | | सहर | १९.६२ | ४.४४ | २६ | ६५ | १४ | ३५ |
| अदृष्टांश बोध | १४.६ | ७.२२ | गाउँ | ९.३७ | ६.४८ | १७ | ४२.५ | २३ | ५७.५ |
| | | | सहर | १८.८७ | ४.०३ | २२ | ५५ | १८ | ४५ |
| समग्र बोध | ३०.२५ | १२.४ | गाउँ | २१.७५ | १०.८ | २८ | ४५ | २२ | ५५ |
| | | | सहर | ३८ | ८.१२ | २५ | ६२.५ | १५ | ३७.५ |

माथिको तालिकाअनुसार समग्र विद्यार्थीको दृष्टांश बोधको मध्यमान १५.६७ र मानक विचलन ५.९७ रहेकामा गाउँका विद्यार्थीको प्राप्ताङ्कको मध्यमान १४.२५ छ र ४५% विद्यार्थी सो मध्यमानभन्दा माथि अनि ५५% विद्यार्थी तल रहेका छन् भने सहरका विद्यार्थीको मध्यमान १९.६२ छ र ६५% विद्यार्थीहरू मध्यमानभन्दा माथि अनि ३५% विद्यार्थी सोभन्दा तल रहेका छन् । गाउँका विद्यार्थीको मानक विचलन ६.०८ र सहरका विद्यार्थीको ४.४४ रहेको छ ।

अदृष्टांश पठनबोधको सबै विद्यार्थीबाट प्राप्त मध्यमान १४.०६ र मानक विचलन ७.२२ रहेकामा गाउँका विद्यार्थीको प्राप्ताङ्कको मध्यमान ९.३७ छ र ४२.५% विद्यार्थी मध्यमानभन्दा माथि अनि ४७.५% विद्यार्थी तल परेका छन् । सहरका विद्यार्थीको प्राप्ताङ्कको मध्यमान १८.८६ छ र ५५% विद्यार्थी सो मध्यमानभन्दा माथि एवम् ४५% विद्यार्थी तल रहेको देखिन्छ । गाउँका विद्यार्थीको मानक विचलन ६.४८ र सहरका विद्यार्थीको मानक विचलन ४.०३ रहेको छ ।

समग्र बोधको नतिजामा सबै विद्यार्थीबाट प्राप्त मध्यमान ३०.२५ र मानक विचलन १२.४ रहेकामा गाउँका विद्यार्थीको प्राप्ताङ्कको मध्यमान २१.७५ रहेको छ । यसमा ४५% विद्यार्थी मध्यमानभन्दा माथि र ५५% विद्यार्थी मध्यमानभन्दा तल रहेको देखिन्छ । सहरका विद्यार्थीको मध्यमान ३८ छ । सहरका ६२.५% विद्यार्थी मध्यमानभन्दा माथि र ३७.५% विद्यार्थी मध्यमानभन्दा तल छन् । गाउँका विद्यार्थीको मानक विचलन १०.८ छ भने सहरका विद्यार्थीको मानक विचलन ८.१२ रहेको छ । माथिको तथ्याङ्क विश्लेषणबाट निम्न निष्कर्ष प्राप्त हुन्छ :

- दृष्टांश बोधमा समग्र विद्यार्थीको मध्यमानभन्दा गाउँका विद्यार्थीको प्राप्ताङ्कको मध्यमान १.४२ ले कम हुनु र गाउँका विद्यार्थीको प्राप्ताङ्कबाट प्राप्त मध्यमानभन्दा गाउँका विद्यार्थी ५५% चाहि तल देखिनुले दृष्टांश बोधमै गाउँका विद्यार्थीको क्षमता कमजोर देखाउँछ ।
- दृष्टांश बोधमा समग्र विद्यार्थीको प्राप्ताङ्कबाट प्राप्त मध्यमानभन्दा सहरका विद्यार्थीको मध्यमान ३.९५ ले बढी हुनु र मध्यमानभन्दा माथि ६५% विद्यार्थी देखिनुले दृष्टांश बोधमा सहरका विद्यार्थीको क्षमता राम्रो देखाउँछ ।
- अदृष्टांश बोधमा समग्र मध्यमानभन्दा गाउँका विद्यार्थीको प्राप्ताङ्कबाट गणना भएको मध्यमान ४.६९ ले कम हुनु र गाउँका ५७.५ विद्यार्थी मध्यमानभन्दा तल पर्नुले अदृष्टांश बोधमा गाउँका विद्यार्थीको पठनबोध क्षमता कमजोर ठानिएको छ ।
- अदृष्टांश बोधमा समग्र मध्यमानभन्दा सहरका विद्यार्थीको प्राप्ताङ्कबाट गणना गरिएको मध्यमान ४.८१ ले बढी हुनु र ५५% विद्यार्थी मध्यमानभन्दा माथि हुनुले अदृष्टांश बोधमा सहरका विद्यार्थीको पठनबोध क्षमता राम्रो देखिन्छ ।
- समग्र बोधमा सबै विद्यार्थीबाट गणना भएको मध्यमानभन्दा गाउँका विद्यार्थीको मध्यमान ८.५ ले कम हुनु र ५५% विद्यार्थी मध्यमानभन्दा तल पर्नुले समग्र बोध क्षमतामा गाउँका विद्यार्थी कमजोर देखिएका छन् ।
- समग्र बोधमा साझा मध्यमानभन्दा सहरका विद्यार्थीको मध्यमान ७.७५ ले बढी हुनु र ६२.५% विद्यार्थी मध्यमानभन्दा माथि पर्नुले समग्र पठनबोधमा सहरका विद्यार्थीको पठनबोध क्षमता राम्रो देखिन्छ ।
- दृष्टांश पठनबोधमा गाउँका विद्यार्थीको भन्दा सहरका विद्यार्थीको मध्यमान ५.३७ ले बढी, अदृष्टांश पठनबोधमा गाउँका विद्यार्थीको भन्दा सहरका विद्यार्थीको मध्यमान ९.५ ले बढी र समग्र पठनबोधमा गाउँका विद्यार्थीको भन्दा सहरका विद्यार्थीको मध्यमान १६.२५ ले बढी हुनुले तुलनात्मक रूपमा सहरका विद्यार्थीको पठनबोध गाउँको भन्दा सहरको निकै राम्रो देखिन्छ ।
- मानक विचलनका हिसाबले हेर्दा तीनै प्रकारका बोधमा सहरको  कम र गाउँको बढी देखिनुले गाउँका विद्यार्थीको प्राप्ताङ्कमा सहरको भन्दा विचरणशीलता धेरै देखिन्छ । अतः तुलनात्मक रूपमा गाउँका विद्यार्थीको क्षमतामा असमानता रहेको पुष्टि हुन्छ ।

## ५.३.२. लैङ्गिक आधारमा विद्यार्थीको पठनबोध स्तर विश्लेषण

### ५.३. २.१. प्रतिशतको आधार

**तालिका नं. ७ :**

| प्राप्ताङ्क स्तर / बोध प्रकार | लिङ्ग | २५% भन्दा कम | | २५-५०% सम्म | | ५०-७५% सम्म | | ७५% भन्दा बढी | | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| दृष्टांश | छात्र | १ | २.९५ | ११ | ३२.३५ | ५ | १४.७० | १७ | ५० | ३४ | १०० |
| बोध | छात्रा | १ | २.१८ | ११ | २३.९१ | १३ | २८.२६ | २१ | ४५.६५ | ४६ | १०० |
| अदृष्टांश | छात्र | ६ | १७.६५ | ९ | २६.४८ | ७ | २०.५८ | १२ | ३५.२९ | ३४ | १०० |
| बोध | छात्रा | १० | २१.७३ | ६ | १३.०४ | १५ | ३२.६० | १५ | ३२.६० | ४६ | १०० |
| समग्र | छात्र | ४ | ११.७६ | ९ | २६.४७ | १० | २९.४१ | ११ | ३२.३५ | ३४ | १०० |
| बोध | छात्रा | ७ | १५.२१ | ७ | २५.२१ | १५ | ३२.०६ | १७ | ३६.९५ | ४६ | १०० |

माथिको तालिकाअनुसार लिङ्गीय हिसाबले छात्र र छात्रा विद्यार्थीको पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्न सकिन्छ । दृष्टांश पठनबोधमा छात्रहरूको प्राप्ताङ्कलाई हेर्दा २.९५ प्रतिशत विद्यार्थीले २५ प्रतिशत भन्दा कम अङ्क, ३२.३५ प्रतिशत विद्यार्थीले २५- ५० भित्र, १४.७० प्रतिशत विद्यार्थीले ५०-७५ प्रतिशत र ५० प्रतिशत विद्यार्थीले ७५ प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरेको देखिन्छ । यसैगरी छात्राहरूको हकमा २.१८ प्रतिशतले २५ प्रतिशत भन्दा कम, २३.९१ प्रतिशतले २५-५० को बीचमा, २१.७३ प्रतिशतले ५०-७५ सम्म र ४५.६५ प्रतिशत विद्यार्थीले ७५ प्रतिशत भन्दा माथि प्राप्ताङ्क हासिल गरेको देखिन आउँछ ।

अदृष्टांश पठनबोधको नतिजामा छात्रहरूको हकमा १६.६५% विद्यार्थीले २५% भन्दा कम अङ्क ,२६.४८% विद्यार्थीले २५-५० को बीचमा २०.५८% विद्यार्थील ५०-७५ सम्म र ३५.२९% विद्यार्थीले ७५% भन्दा माथि प्राप्तांङ्क हासिल गरेको देखिन्छ । छात्राहरूको हकमा २१.७३% विद्यार्थीले २५% भन्दा कम अङ्क १३.०४% विद्यार्थीले २५-५० को बीचमा, ३२.६% विद्यार्थीले ७५% भन्दा बढी अङ्क प्राप्त गरेको देखिन आउँछ ।

समग्रमा बोधको नतिजा हेर्दा छात्रतर्फ ११.७६% विद्यार्थीले २५% भन्दा कम अङ्क, २०.५८% विद्यार्थीले २५-५०% को बीचमा, ३५.२९% विद्यार्थीले ५०-७५% सम्म र बाँकी ३२.३५% विद्यार्थीले ७५%भन्दा माथि अङ्क प्राप्त गरेको बुझिन्छ भने छात्रातर्फ १५.२१% विद्यार्थीले २५%

भन्दा कम १९.५६% विद्यार्थीले २५-५०%को बीचमा, २८.२६% विद्यार्थीले ५०-७५% सम्म र ३६.९५% विद्यार्थीले ७५% भन्दा माथि प्राप्तांङ्क हासिल गरेको तालिकाले देखाँउछ । माथिको तालिकाको विश्लेषणबाट निम्न निष्कर्ष प्राप्त हुन्छ ।

- छात्रतर्फको दृष्टांश पठनबोध परीक्षणमा १४.७६% विद्यार्थीले ५०-७५%सम्म प्राप्तांङ्क र ५०%विद्यार्थीले ७५% भन्दा माथि प्राप्तांङ्क हासिल गरेकोले ५०% भन्दा माथि अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या ६४.७% देखिन आउँछ । अतः दृष्टांश पठनबोधमा छात्रको स्थिति उच्च देखिन्छ ।
- छात्रातर्फको दृष्टांश पठनबोध परीक्षणमा २८.२६% विद्यार्थीले ५०-७५% सम्म प्राप्तांङ्क र ४५.६५% विद्यार्थीले ७५% भन्दा माथि प्राप्तांङ्क हासिल गरेकाले ५०% भन्दा माथि अङ्क पाउने छात्राको संङ्ख्या ७३.५८ प्रतिशत देखिन आउँछ । अत : छात्राको दृष्टांश पठनबोध क्षमता उच्च मान्नुपर्छ ।
- छात्रतर्फको अदृष्टांश पठनबोध परीक्षणमा २०.५८ प्रतिशत विद्यार्थीले ५०-७५ प्रतिशतको बीचमा र ३५.२९ प्रतिशत विद्यार्थीले ७५ प्रतिशत भन्दा माथि अङ्क प्राप्त गरेकाले ५० प्रतिशत भन्दा धेरै अङ्क ल्याउने विद्यार्थीको संख्या ५५.८७ प्रतिशत रहेको देखिन आउँछ । अत : अदृष्टांश पठनबोधमा छात्रको स्थिति उच्च नभएपनि सन्तोषजनक मान्नुपर्छ ।
- छात्रातर्फको अदृष्टांश पठनबोध परीक्षणमा ३२.६ प्रतिशत विद्यार्थीले ५०-७५ प्रतिशत सम्म र ३२.६ प्रतिशत विद्यार्थीले ७५ प्रतिशत भन्दा धेरै प्राप्ताङ्क हासिल गरेकाले ५०% प्राप्ताङ्क नघाउने विद्यार्थीको सङ्ख्या ६५.२ प्रतिशत देखिन आउँछ । अत : अदृष्टांश पठनबोधमा छात्राको स्थिति उच्च देखिन्छ ।
- छात्रतर्फको समग्र पठनबोधको नतिजामा २९.९१ प्रतिशत विद्यार्थीले ५०-७५ प्रतिशत सम्म र ३२.३५ प्रतिशत विद्यार्थीले ७५ प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरेको देखिएकाले ५० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको प्रतिशत ६१.७६ देखिन्छ । अत : समग्र पठनबोधको परीक्षणमा छात्रको अवस्था राम्रो देखिन्छ ।
- छात्रातर्फको समग्र पठनबोधको नतिजामा ३२.६० प्रतिशत विद्यार्थीले ५०-७५ प्रतिशत सम्म र ३६.९५ प्रतिशत विद्यार्थीले ७५ प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरेको देखिएकाले ५० प्रतिशत माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको प्रतिशत ६९.५५ देखिन्छ । अत : समग्र पठनबोधको परीक्षणमा छात्राको अवस्था उच्च देखिन्छ ।

- प्रतिशतका आधारमा हेर्दा दृष्टांश, अदृष्टांश र समग्र पठनबोधमा तुलनात्मक रूपमा छात्राको स्थिति राम्रो वा उच्च देखिन आउँछ ।

### ५.३.२.२. मध्यमान र मानक विचलनको आधार

**तालिका नं. ८ :**

| प्राप्ताङ्क स्तर बोध प्रकार | समग्र मध्यमान | समग्र मानक विचलन | लिङ्ग | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| दृष्टांश बोध | १५.६७ | ५.९७ | छात्र | १४.२३ | ६.०२ | १९ | ५६ | १५ | ४४ |
| | | | छात्रा | १७.०५ | ५.८५ | २७ | ५९ | १९ | ४१ |
| अदृष्टांश बोध | १४.६ | ७.२२ | छात्र | १४.२३ | ७.९ | १८ | ५२.९४ | १६ | ४६.०६ |
| | | | छात्रा | १४.९ | ७.०७ | २४ | ५२.१८ | २२ | ४७.८२ |
| समग्र बोध | ३०.२५ | १२.४ | छात्र | ३०.० | १६.४ | १८ | ५२.९४ | १४ | ४७.०६ |
| | | | छात्रा | ३०.५८ | १२.४ | २६ | ५६.५२ | २० | ४३.४८ |

माथिको तालिकाअनुसार समग्र विद्यार्थीको दृष्टांश पठनबोधको मध्यमान १५.६७ र मानक विचलन ५.९७ रहेकामा छात्रहरूको मात्र प्राप्ताङ्कको मध्यमान १४.२३ रहेको छ । ५६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४४ प्रतिशत विद्यार्थी सोभन्दा तल रहेका छन् । भने छात्राहरूको प्राप्ताङ्कको मध्यमान १७.०५ रहेको र ५९ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४१ प्रतिशत सो भन्दा तल रहेको देखिन्छ । छात्रको मानक विचलन ६.०२ र छात्राको ५.८५ छ ।

अृष्टांश पठनबोधको सबै विद्यार्थीको प्राप्ताङ्कबाट गणना गरिएको मध्यमान १४.६ र मानक विचलन ७.२२ रहेको छ । छात्रहरूको मध्यमान १४.२३ रहेको र ५२.९४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि अनि ४७.०६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् भने छात्रातर्फ हेर्दा मध्यमान १४.४१ रहेकोमा ५२.१८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४७.८२ प्रतिशत विद्यार्थी सो भन्दा तल रहेका छन् । यहाँ छात्रतर्फको मानक विचलन ७.९ र छात्रातर्फको ७.०७ रहेको छ ।

समग्र बोधको नतिजामा सबै विद्यार्थीको प्राप्ताङ्कबाट गणना गरिएको मध्यमान ३०.२५ र मानक विचलन १२.४ रहेकामा छात्रतर्फको मध्यमान ३० रहेको र ५२.९४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४७.०६ प्रतिशत विद्यार्थी तल रहेको देखिन्छ । भने छात्रातर्फको मध्यमान

३०.५८ रहेका, ५६.५२ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४३.४८ प्रतिशत तल रहेको पाइन्छ । यसमा छात्रको मानक विचलन १६.४ र छात्राको १२.४ रहेको छ ।

**माथिको तथ्याङ्क विश्लेषणबाट निम्न निष्कर्ष प्राप्त हुन्छ ।**

- दृष्टांश बोधमा समग्र विश्लेषणबाट गणना भएको मध्यमानभन्दा छात्रतर्फको मध्यमान १.४४ ले कम हुनुले र छात्रातर्फको मध्यमान १.३८ ले बढी हुनुले छात्राको भन्दा छात्रको पठनबोध क्षमता तुलनात्मक रूपमा कमजोर देखाउँछ । छात्रको मध्यमानभन्दा ५६ प्रतिशत छात्र र छात्राको मध्यमानभन्दा ५९ प्रतिशत छात्रा माथि देखिनुले पनि यस तथ्यको थप पुष्टि गर्छ ।
- अदृष्टांश पठनबोधमा सबै विद्यार्थीबाट गणना भएको मध्यमानभन्दा छात्र तर्फको मध्यमान ०.३७ ले कम र छात्रातर्फको मध्यमान ०.३ बढी छ । अत : अदृष्टांश पठनबोधमा दुवै लिङ्ग अलि कमजोर देखिन्छन् ।
- समग्र पठनबोधमा सबै विद्यार्थीको प्राप्ताङ्कबाट गणना गरिएको मध्यमानभन्दा छात्रको मध्यमान ०.२५ ले कम र छात्राको ०.३३ ले बढी हुनुले समग्रमा छात्राको पठनबोध क्षमता तुलनात्मक रूपमा उच्च रहेको पुष्टि हुन्छ ।
- सिङ्गो विश्लेषणबाट हेर्दा अदृष्टांश पठनबोधको हकमा छात्र र छात्रा दुवैको स्थिति सामान्यतः सन्तोषजनक मात्र छ ।
- मानक विचलनका आधारले हेर्दा सबै प्रकारका बोधमा छात्राको मानक विचलन कम र छात्रको बढी देखिएकाले छात्रको प्राप्ताङ्कमा बढी भिन्नता रहेको बुझिन्छ । यसको अर्थ छात्रामा भन्दा छात्रमा पठनबोध क्षमतामा विविधता छ, भन्ने बुझिन्छ ।

### ५.३.३. भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको पठनबोध स्तर विश्लेषण

#### ५.३.३.१. प्रतिशतको आधार

**तालिका नं. ९:**

| प्राप्ताङ्क स्तर / बोध प्रकार | | २५% भन्दा कम | | २५-५०% सम्म | | ५०-७५% सम्म | | ७५% भन्दा बढी | | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मातृभाषा | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| दृष्टांश बोध | नेपाली मातृभाषी | – | – | १० | २६.३ | १२ | ३१.६ | १६ | ४२.७ | ३८ | १०० |
| | नेपाली विमातृभाषी | २ | ४.८ | १२ | २८.६ | ६ | १४.३ | २२ | ५२.३ | ४२ | १०० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अदृष्टांश बोध | नेपाली मातृभाषी | ५ | १३.२ | ८ | २१.१ | १४ | ३९.९ | ११ | २८.८ | ३८ | १०० |
| | नेपाली विमातृभाषी | ११ | २६.१ | ७ | १६.७ | ८ | १९.१ | १६ | ८.१ | ४२ | १०० |
| समग्र बोध | नेपाली मातृभाषी | ५ | १३.१ | ७ | १८.४ | १४ | ३६.९ | १२ | ३१.६ | ३८ | १०० |
| | नेपाली विमातृभाषी | ६ | १४.३ | ९ | २१.४ | ११ | २६.२ | १६ | ३८.१ | ४२ | १०० |

माथिको तालिकामा मातृभाषी र विमातृभाषी विद्यार्थीको पठनबोध क्षमताको समूहगत तुलनात्मक स्थितिको चित्र देख्न सकिन्छ । दृष्टांश पठनबोधमा नेपाली मातृभाषा हुने विद्यार्थीहरू जम्मा ३८ जनामध्ये २५-५० प्रतिशत अङ्क प्राप्त गर्ने २६.३ प्रतिशत.५०-७५ प्रतिशत अङ्क पाउनो ३१.६५ र ७५ प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थी ४२.७ प्रतिशत देखिन्छन् । यसैमा नेपाली विभातमार्षी विद्यार्थी हकमा २५प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थी ४८प्रतिशत २५-५० प्रतिशत प्राप्ताङ्क हासिल गर्ने २८.६ प्रतिशत ५०-७५ प्रतिशत अङ्कल्याउनेमा १४.३ प्रतिशत र ७५ प्रतिशत भन्दा माथि अङ्कल्याउने विद्यार्थी ५२.३ देखिन्छन् । समग्रमा पठनपाठन परीक्षणको नतिजातर्फ नेपाली मातृभाषा विद्यार्थीहरू मध्ये १३.१ प्रतिशतले २५ प्रतिशत भन्दा कम १८.४ प्रतिशतले २५-७५ प्रतिशत अङ्क ल्याउनेमा १४.३ प्रतिशत र ७५ प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थी ५२.३ देखिन्छन् ।

अदृष्टांश पठनबोधतर्फ  नेपाली मातृभाषीमध्ये २५ प्रतिशत भन्दा कम अङ्क ल्याउने १३.२ प्रतिशत, २५-५० प्रतिशत सम्म अङ्क प्राप्त गर्ने ३६.९ प्रतिशत र७५ प्रतिशत भन्दा बडी प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी २८.८ देखिन्छन् । नेपाली विमातृभाषी विद्यार्थीको हकमा २५ प्रतिशत भन्दा कम अङ्क पाउने विद्यार्थी २३.१ प्रतिशत २५-५० प्रतिशत सम्म प्राप्ताङ्क ल्याउनेमा १३.७ प्रतिशत, अङ्क ल्याउने विद्यार्थी ३८.१ प्रतिशत देखिन्छन् ।

समग्रमा पठनबोध परीक्षणको नतिजातर्फ नेपाली मातृभाषा विद्यार्थीहरू मध्ये १३.१ प्रतिशतले २५ प्रतिशत भन्दा कम १८.४ प्रतिशतले २५-५० प्रतिशत सम्मा ३६.९ प्रतिशत ५०-७५ प्रतिशत सम्मा अङ्क प्राप्त गरेका छन् भने ७५ प्रतिशत भन्दा माथि प्राप्ताङ्क हासिल गर्न विद्यार्थीको प्रतिशत ३१.६ रहेको छ । यसै गरी विमातृभार्षी नेपाली विद्यार्थीमध्ये १४.३ प्रतिशतले २५ प्रतिशत भन्दा कम अङ्क, २१.४ प्रतिशतले २५-५० प्रतिशत सम्म, २६.२ प्रतिशतले ५०-७५ प्रतिशत सम्म र ३८.१ प्रतिशत विद्यार्थी ७५ प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरेको देखिन्छ ।

माथिको तालिका विश्लेषणबाट निम्न निष्कर्ष प्राप्त हुन्छ ।

- दृष्टांश पठनबोधतर्फ नेपाली मातृभाषी विद्यार्थीमध्ये ३१.६ प्रतिशत विद्यार्थीले ५०-७५ प्रतिशत अङ्क र ४२.७ प्रतिशत विद्यार्थीले ७५५ भन्दा बढी अङ्क ल्याएको हुनाले ५० प्रतिशत  प्राप्ताङ्क ल्याउने विद्यार्थीको प्रतिशत ७४.३ देखिन आउँछ । अतः नेपाली मातृभाषी विद्यार्थीको दृष्टांश पठनबोध क्षमता उच्च देखिन्छ ।
- दृष्टांश पठनबोधतर्फ नेपाली विमातृभाषी विद्यार्थीहरू मध्ये १४.३ प्रतिशत विद्यार्थीले ५०-७५ प्रतिशत अङ्क प्राप्त गरेको र ५२.३ प्रतिशत विद्यार्थीले ७५ प्रतिशत भन्दा बेसी अङ्क प्राप्त गरेको हुनाले ५० प्रतिशत भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी ६६.६ प्रतिशत देखिन्छन् । अतः नेपाली विमातृभाषी विद्यार्थीको दृष्ट अंशको पठनबोध उच्च देखिन्छ ।
- अदृष्टांश पठनबोधतर्फ नेपाली मातृभाषी विद्यार्थीमध्ये ३६.९ प्रतिशतले ५०-७५ प्रतिशत र २८.८ प्रतिशतले ७५ प्रतिशत भन्दा बढी अङ्क हासिल गरेकोले ५० प्रतिशत भन्दा बढी प्राप्ताङ्क हासिल गर्ने विद्यार्थीको संख्या ६५.७ प्रतिशत देखिएकोले मातृभाषी विद्यार्थीको अदृष्टांश पठन बोध राम्रो रहेको पुष्टि हुन्छ ।
- अदृष्टांश बोधतर्फ नेपाली विमातृभाषी विद्यार्थीमध्ये १९.१ प्रतिशतले ५०-७५ प्रतिशत सम्म र ३८.१ प्रतिशतले ७५ प्रतिशत भन्दा बढी अङ्क ल्याएकोले ५० प्रतिशत भन्दा बढी अङ्क ल्याउने विद्यार्थीको प्रतिशत ५७.२ देखिन आउँछ । अतस् नेपाली विमातृभाषी विद्यार्थीको अदृष्टांश पठनबोध सामान्य सन्तोषजनक रहेको दखिन्छ ।
- सम्रग पठनबोधतर्फ नेपाली मातृभाषी विद्यार्थीको ३६.९ प्रतिशतले ५०-७५ प्रतिशत को बीचमा र ३१.६ प्रतिशतले ७५ प्रतिशत  भन्दा माथि अङ्क हासिल गरेको हुनाले ५० प्रतिशतभन्दा माथि अङ्क प्राप्ताङ्क हासिल गर्न विद्याथी ६८.५ प्रतिशत देखिन आउँछ । अतस् सम्रगमा पठनबोध क्षमता परीक्षणमा नेपाली मातृभाषीको स्थिति राम्रो देखिन्छ ।
- सम्रग पठनबोधतर्फ नेपाली विमातृभाषीको २६.२ प्रतिशतले ५०-७५ प्रतिशतको बीचमा र ३८.१ प्रतिशतले ७५ प्रतिशतभन्दा माथि अङ्क हासिल गर्ने विद्यार्थीको सङ्ख्या ६४.३ प्रतिशत देखिन आएकाले समग्रमा पठनबोध क्षमता परीक्षणमा नेपाली विमातृभाषीको पठनबोध राम्रो देखिन्छ ।

### ५.३.२. मध्यमान र मानकविचलनको आधार

**तालिका नं. १०:**

| प्राप्ताङ्क स्तर बोध प्रकार | समग्र मध्यमान | समग्र मानक विचलन | मातृभाषा | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| दृष्टांश बोध | १५.६७ | ५.९७ | नेपाली मातृभाषी | १७.१० | ५.४ | २२ | ५७.८ | १६ | ४२.२ |
| | | | नेपाली विमातृभाषी | १६.७७ | ६.३४ | २३ | ५४.७ | १९ | ४५.३ |
| अदृष्टांश बोध | १४.६ | ७.२२ | नेपाली मातृभाषी | १५.१८ | ६.०५ | २० | ५२.६ | १८ | ४७.४ |
| | | | नेपाली विमातृभाषी | १४.०१ | ६.३८ | २० | ४७.६ | २२ | ५२.४ |
| समग्र बोध | ३०.२५ | १२.४ | नेपाली मातृभाषी | ३१.२५ | ११.२० | २२ | ५७.९ | १६ | ४२.१ |
| | | | नेपाली विमातृभाषी | २९.९८ | १२.९ | २२ | ५२.४ | २० | ४७.६ |

माथिको तालिकाअनुसार नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीको समूहगत पठनबोधको तुलानत्मक विश्लेषण गर्न सकिन्छ । दृष्टांश बोधतर्फ सबै विद्यार्थीको प्राप्ताङ्कबाट गणना भएको मध्यमान १५.६७ छ भने नेपाली मातृभाषी विद्यार्थीको मध्यमान १७.१० छ र ५७.८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४२.२ प्रतिशत तल रहेका छन् । यसैगरी नेपाली विमातृभाषी विद्यार्थीको मध्यमान १६.७७ रहेको छ भने ५४.७ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४५.३ प्रतिशत विद्यार्थी तल रहेका छन् । मातृभाषी र विमातृभाषीको मानक विचलन क्रमशः ५.४ र ६.३४ रहेको छ ।

अदृष्टांश बोधतर्फ समग्र मध्यमान १४.६ र मानक विचलन ७.२२ रहेकामा नेपाली मातृभाषी विद्यार्थीको मध्यमान १५.१८ छ भने ५२.६ प्रतिशत विद्यार्थी विद्यार्थी मध्यमानभन्दा माथि रहेका छन् । यसैगरी विमातृभाषी नेपाली विद्यार्थीको मध्यमान १४.०१ रहेको छ भने ४७.६ प्रतिशत मध्यमानभन्दा तल देखिन्छन् । मातृभाषी र विमातृभाषीको मानक विचलन क्रमशः ६.०५ र ६.४८ छ ।

सम्रग बोधतर्फ सम्पूर्ण विद्यार्थीबाट गणना भएको मध्यमान ३०.२५ र मानक विचलन १२.४ रहेकामा मातृभाषीतर्फको मध्यमान ३१.२५ छ भने ५७.९ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४२.१ प्रतिशत तल देखिन्छन् । यसैगरी विमातृभाषी नेपालीको मध्यमान २९.९८ रहेको छ भने

५२.४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४२.६ प्रतिशत तल देखिन्छन् । मातृभाषी र विमातृभाषी विद्यार्थीको मानक विचलन क्रमशः ११.२० र १२.९ छ ।

माथिको तालिका र व्याख्याबाट निम्न तथ्यहरू प्राप्त हुन्छन्:

- दृष्टांशबोधमा नेपाली मातृभाषीको मध्यमन समग्र मध्यमानभन्दा १.४३ ले बढी हुनु र ५७.८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि हुनाले मातृभाषीको दृष्टांश पठनबोध राम्रो छ ।
- दृष्टांश पठन बोधमा नेपाली विमातृभाषीको मध्यमान समग्र विद्यार्थीको गणना भएको मध्यमानभन्दा १.१० प्रतिशतले बढी हुनु र ५४.७ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि हुनुले विमातृभाषी नेपालीको दृष्टांश पठनबोध क्षमता सन्तोषजनक देखाउँछ ।
- अदृष्टांश पठनबोधमा नेपाली मातृभाषीको मध्यमान समग्र मध्यमानभन्दा १.१२ ले बढी हुनु र ५२.६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि हुनुले मातृभाषी विद्यार्थीको पठनबोध क्षमता सन्तोषजनक देखाउँछ ।
- अदृष्टांश पठनबोध नेपाली विमातृभाषीको मध्यमान समग्र मध्यमानभन्दा ०.४८ ले कम हुनु र ४७.६ प्रतिशत मात्र विद्यार्थी मध्यमानका माथि हुनुले विमातृभाषी विद्यार्थीको अदृष्टांश पठनबोध क्षमता कमजोर रहेको देखिन्छ ।
- समग्र पठनबोधमा नेपाली मातृभाषी विद्यार्थीको प्राप्ताङ्कको मध्यमान समग्र मध्यमानभन्दा १ अङ्कले बढी हुनु र ५७.९ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि हुनुले सम्रग पठनबोधमा नेपाली मातृभाषी विद्यार्थीको पठनबोध राम्रो देखिन्छ ।
- सम्रग पठनबोधमा नेपाली विमातृभाषी विद्यार्थीको मध्यमान समग्र मध्यमानभन्दा ०.२७ ले कम हुनु तर ५२.४ प्रतिशत विद्यार्थीले मध्यमानभन्दा माथि हुनुले विमातृभाषी विद्यार्थीको समग्र पठनबोध क्षमता सन्तोषजनक मात्र देखा पर्छ ।
- दृष्टांश, अदृष्टांश र समग्र पठनबोधमा नेपाली मातृभाषीको पठनबोध विमातृभाषीको भन्दा राम्रो देखिन्छ अर्थात तुलानात्मक रूपमा विमातृभाषी नेपालीको पठनबोधमा क्षमता कमजोर देखिन्छ ।
- मानक विचलनको आधारमा हेर्दा मातृभाषी नेपालीको भन्दा विमातृभाषी नेपालीको मानक विचलन बढी देखिएकोले विमातृभाषी विद्यार्थीको प्राप्ताङ्क बढी भिन्नता रहेको देखिन्छ ।

## ५.४. विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको पठनबोध स्तर विश्लेषण

### ५.४.१. प्रतिशतको आधार

**तालिका नं. ११ :**

| प्राप्ताङ्क स्तर / बोध प्रकार | विद्यालयको प्रकृति | २५% भन्दा कम | | २५-५०% सम्म | | ५०-७५% सम्म | | ७५% भन्दा बढी | | जम्मा विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| दृष्टांश बोध | सामुदायिक | २ | ५ | १७ | ४२.५ | १० | २५ | ११ | २७.५ | ४० | १०० |
| | निजी | – | – | ३ | ७.५ | १२ | ३० | २५ | ६२.५ | ४० | १०० |
| अदृष्टांश बोध | सामुदायिक | १६ | ४० | १२ | ३० | १० | २५ | २ | ५ | ४० | १०० |
| | निजी | – | – | ६ | १५ | १२ | ३० | २२ | ५५ | ४० | १०० |
| समग्र बोध | सामुदायिक | ११ | २७.५ | १३ | ३२.५ | १३ | ३२.५ | ३ | ७.५ | ४० | १०० |
| | निजी | – | – | ३ | ७.५ | १२ | ३० | २५ | ६२.५ | ४० | १०० |

माथिको ताकिमा विद्यालयको प्रकृतिका आधाारमा सामुदायिक र निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको पठनबोधको फरक फरक अवस्थाको अध्ययन गर्न सकिन्छ । दृष्टांश पठनबोधमा सामुदायिक विद्यालयका विद्यार्थीमा जम्मा ४० जना मध्ये ५ प्रतिशतले २५ प्रतिशतभन्दा कम अङ्क, ४२.५ प्रतिशत विद्यार्थीले २५-५० प्रतिशत अङ्क, २५ प्रतिशत विद्यार्थीले ५०-७५ प्रतिशत अङ्क र बाँकी २७.५ प्रतिशतले विद्यार्थीले ७५% भन्दामाथि अङ्क हासिल गरेको देखिन्छ । यसैगरी निजी विद्यालयका ४० विद्यार्थीमध्ये ७.५ प्रतिशतले विद्यार्थीले २५-५० प्रतिशतसम्म अङ्क, ३० प्रतिशत विद्यार्थीले ५०-७५ प्रतिशतसम्म अङ्क र ६२.५ प्रतिशत विद्यार्थीले ७५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गरेको बुझिन्छ ।

अदृष्टांश बोधतर्फ सामुदायिक विद्यालयका विद्यार्थीमध्ये ४० प्रतिशतले २५ प्रतिशतभन्दा कम अङ्क, ३० प्रतिशत विद्यार्थीले २५-५० प्रतिशतसम्म, २५ प्रतिशत ५०-७५ प्रतिशत अङ्क र बाँकी ५ प्रतिशत विद्यार्थीले ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गरेको देखिन्छ भने यसै शीर्षकमा निजी विद्यालयका विद्यार्थीमध्ये १५ प्रतिशत विद्यार्थीले २५-५० प्रतिशत अङ्क, ३० प्रतिशत विद्यार्थीले ५०-७५ प्रतिशत अङ्क र ५५ प्रतिशत विद्यार्थीले ७५ प्रतिशतभन्दा अङ्क हासिल गरेको बुझिन आउँछ ।

समग्र पठनबोध परीक्षणमा सामुदायिक विद्यालयका विद्यार्थीमध्ये २७.५ प्रतिशत विद्यार्थीले २५ प्रतिशत भन्दा कम, ३२.५ प्रतिशत विद्यार्थीले २५-५० प्रतिशत अङ्क, ३२.५ प्रतिशतले ५०-७५ प्रतिशत अङ्क र बाँकी ७.५ प्रतिशत विद्यार्थीले ७५ प्रतिशतभन्दा बढी अङ्क हासिल गरेको देखिन्छ । यसै गरी निजी विद्यालयका विद्यार्थीमध्ये ७.५ प्रतिशतले २५-५० प्रतिशत अङ्क, ३० प्रतिशतले ५०-७५ प्रतिशत अङ्क र बाँकी ६२.५ प्रतिशतले ७५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गरेको देखिन आउँछ ।

**माथिको तालिका ब्याख्याबाट निम्न कुराहरू प्राप्त हुन्छन्** :

- दृष्टांश पठनबोधमा सामुदायिक विद्यालयको तर्फका २५ प्रतिशत विद्यार्थीले ५०-७५ प्रतिशत अङ्क र २७.५ प्रतिशत विद्यार्थीले ७५ प्रतिशतभन्दा बढी अङ्क प्राप्त गरेकाले ५० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थीको संख्या ५२.५ हुन आउँछ । अतः दृष्टांश पठनबोधमा सामुदायिक विद्यालयका विद्यार्थीको पठनबोध सामान्य सन्तोषजनक मात्र देखिन्छ ।
- दृष्टांश पठनबोधमा निजी विद्यालयतर्फका ३० प्रतिशत विद्यार्थीले ५०-७५% अङ्क र ६२.५ प्रतिशत विद्यार्थीले ७५% भन्दा माथि प्राप्ताङ्क हासिल गरेकाले ५० प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थीको प्रतिशत ९२.५ हुन आउँछ । अतः निजी विद्यालयका विद्यार्थीको दृष्टांश पठनबोध क्षमता उच्च देखिन्छ ।
- अदृष्टांश पठनबोधमा सामुदायिक विद्यालयका विद्यार्थीमध्ये २५ प्रतिशत विद्यार्थीले ५०-७५% अङ्क र ५ प्रतिशत विद्यार्थीले ७५% भन्दा बढी अङ्क प्राप्त गरेकाले ५० प्रतिशत भन्दा बढी अङ्क ल्याउने विद्यार्थीको प्रतिशत ३० मात्र हुन आउँछ । अतः अदृष्टांश पठनबोधमा सामुदायिक विद्यालयका विद्यार्थीको अवस्था कमजोर देखिन आउँछ ।
- अटृष्टांश पठनबोधमा निजी विद्यालयका ३० प्रतिशत विद्यार्थीले ५०-७५% अङ्क र ५५ प्रतिशत विद्यार्थीले ७५% भन्दा बढी अङ्क हासिल गरेकाले ५०% नघाउने विद्यार्थीको सङ्ख्या ८५ प्रतिशत हुन आउँछ । अतः यस शीर्षकमा निजी विद्यालयका विद्यार्थीको पठनबोध क्षमता उच्च देखिन्छ ।
- समग्र पठनबोधमा सामुदायिक विद्यालयका ३२.५ प्रतिशतले ५०-७५% अङ्क र ७.५ प्रतिशतले ७५% भन्दा बढी प्राप्ताङ्क हासिल गरेको देखिएकाले ५०% भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको प्रतिशत ४० मात्र हुन आउँछ । अतः समग्र पठनबोधमा सामुदायिक विद्यालयका विद्यार्थीको पठनबोध क्षमता कमजोर देखा पर्छ ।

- समग्र पठनबोधमा निजी विद्यालयका ६२.५ प्रतिशत विद्यार्थीले ७५% भन्दा माथि अङ्क प्राप्त गरेकाले उनीहरूको पठनबोध क्षमता उच्च रहेको निष्कर्ष प्राप्त हुन्छ ।
- तुलनात्मक रूपमा सामुदायिकभन्दा निजी विद्यालयका विद्यार्थीको पठनबोध क्षमता सबल रहेको पाइन्छ ।

**५.४.२. मध्यमान र मानक विचलनको आधार**

**तालिका नं. १२**

| प्राप्ताङ्क स्तर बोध प्रकार | समग्र मध्यमान | समग्र मानक विचलन | विद्यालयको प्रकृति | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| दृष्टांश बोध | १५.६७ | ५.९७ | सामुदायिक | १२.८७ | ५.२६ | २१ | ५२.५ | १९ | ४७.५ |
| | | | निजी | १९.३७ | ४.५५ | २६ | ६५ | १४ | ३५ |
| अदृष्टांश बोध | १४.६ | ७.२२ | सामुदायिक | ९.३७ | ६.४८ | १७ | ४२.५ | २३ | ५७.५ |
| | | | निजी | १८.८७ | ४.०३ | २२ | ५५ | १८ | ४५ |
| समग्र बोध | ३०.२५ | १२.४ | सामुदायिक | २२.५ | ११.४ | १७ | ४२.५ | २३ | ५७.५ |
| | | | निजी | ३८ | ८.१२ | २५ | ६२.५ | १५ | ३७.५ |

माथिको तालिकाअनुसार विद्यालयको प्रकृतिका आधारमा निजी र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको तुलनात्मक स्थिति थाहा पाउन सकिन्छ । दृष्टांश बोधतर्फ सम्पूर्ण विद्यार्थीको प्राप्ताङ्कबाट गणना गरिएको मध्यमान १५.६७ र मानक विचलन ५.९७ रहेकोमा सामुदायिक विद्यालयतर्फका विद्यार्थीको मध्यमान १२.८७ र मध्यमानभन्दा माथि ५२.५ प्रतिशत र तल ४७.५ प्रतिशत विद्यार्थी रहेका छन् । सामुदायिक विद्यार्थीको प्राप्ताङ्क मानक विचलन ५.२६ रहेको छ । यसैगरी निजी विद्यालयतर्फका विद्यार्थीको मध्यमान १९.३७ छ र मध्यमानभन्दा माथि ६५ प्रतिशत अनि तल ३५ प्रतिशत विद्यार्थी रहेका छन् । निजी विद्यालयका विद्यार्थीको प्राप्ताङ्कको मानक विचलन ४.५५ छ ।

अदृष्टांश बोधतर्फ समग्र मध्यमान १४.६ रहेकोमा सामुदायिक विद्यालयका विद्यार्थीको प्राप्ताङ्कको मध्यमान ९.३७ रहेको र जम्मा विद्यार्थीमध्ये ४२.५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५७.५ प्रतिशत विद्यार्थी तल रहेको देखिन्छ । यसै शीर्षकमा निजी विद्यालयका विद्यार्थीको मध्यमान १८.८७ रहेको र ५५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४५ प्रतिशत विद्यार्थी सो

भन्दा तल देखिन्छन् । सामुदायिक र निजी विद्यालयका विद्यार्थीको मानक विचलन क्रमशः ६.४८ र ४.०३ छ ।

समग्र पठनबोधमा सबै विद्यार्थीको प्राप्ताङ्कबाट प्राप्त मध्यमान ३०.२५ रहेकोमा सामुदायिक विद्यालयतर्फको मध्यमान २२.८ रहेको छ भने ४२.५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५७.५ प्रतिशत विद्यार्थी सोभन्दा तल देखिन्छन् । यसै शीर्षकमा निजी विद्यालयका विद्यार्थीको मध्यमान ३८ छ भने ६२.५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३७.५ प्रतिशत तल देखिन्छन् । सामुदायिक तर्फको मानक विचलन ११.४ र निजीको ८.१२ छ ।

**माथिको तालिका व्याख्याबाट निम्न निष्कर्ष प्राप्त हुन्छ :**

- दृष्टांश बोधमा सामुदायिकतर्फको मध्यमान समग्र मध्यमानभन्दा २.८ ले कम हुनु र ५२.५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहनुले यी विद्यार्थीको दृष्टांश पठनबोध सामान्य सन्तोषजनक मात्र मान्नुपर्छ ।
- दृष्टांश बोधमा निजीतर्फको मध्यमान समग्र मध्यमानभन्दा ३.७ ले बढी छ र ६५% विद्यार्थी मध्यमानभन्दा माथि रहेकाले निजी तर्फका विद्यार्थीको दृष्टांश पठनबोध क्षमता उच्च मान्नुपर्छ ।
- दृष्टांश बोधमा सामुदायिकतर्फको मानक विचलन निजीको भन्दा बढी देखिएकाले सामुदायिक विद्यालयका विद्यार्थीको क्षमतामा विविधता वा विचलन धेरै देखिन्छ ।
- अदृष्टांश बोधमा सामुदायिकतर्फको मध्यमान समग्र मध्यमानभन्दा ५.२४ ले कम हुनु र ४२.५ प्रतिशत विद्यार्थीमात्र मध्यमानभन्दा माथि हुनुले सामुदायिक विद्यालयका विद्यार्थीको अदृष्टांश पठनबोध क्षमता कमजोर मानिएको छ ।
- अदृष्टांश पठनबोधमा निजीतर्फको मध्यमान समग्र मध्यमानभन्दा ४.२७ ले बढी हुनु र ५५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि हुनुले निजी विद्यालयका विद्यार्थीको अदृष्टांश पठनबोध क्षमता उच्च नै मान्नुपर्छ ।
- अदृष्टांश पठनबोधमा सामुदायिक र निजी विद्यालयका विद्यार्थीको मानक विचलन हेर्दा निजी विद्यालयका विद्यार्थीको विचलन कम रहेकाले यी विद्यार्थीको क्षमतामा कम भिन्नता वा समानता रहेको पुष्टि हुन्छ ।
- समग्र पठनबोधको स्थिति हेर्दा सबै विद्यार्थीको प्राप्ताङ्कबाट गणना गरिएको मध्यमानभन्दा सामुदायिकतर्फको मध्यमान ७.७५ ले कम रहेको र ४२.५ प्रतिशत

विद्यार्थी मात्र मध्यमानभन्दा माथि रहेकोले यी विद्यार्थीको समग्रमा पठनबोध क्षमता कमजोर देखिन्छ ।

- समग्र पठनबोधको स्थिति हेर्दा सबै विद्यार्थीको प्राप्ताङ्कबाट गणना गरिएको मध्यमानभन्दा निजीतर्फको मध्यमान ७.७५ ले बढी हुनु र ६२.५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहनुले यी विद्यार्थीको समग्रमा पठनबोध क्षमता राम्रो मान्नुपर्छ ।
- समग्र बोधमा सामुदायिक विद्यालयका विद्यार्थीको मानक विचलन निजीको भन्दा बढी हुनुले समग्रमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको प्राप्ताङ्कमा बढी विभिन्नता भएको पुष्टि हुन्छ ।
- निजी विद्यालयका विद्यार्थीको सामुदायिक विद्यालयका विद्यार्थीको भन्दा तुलनात्मक रूपमा पठनबोध राम्रो देखिन्छ ।
- सबै प्रकारका बोधमा निजी विद्यालयका विद्यार्थीको मानक विचलन तुलनात्मक रूपमा निकै कम देखिएकाले निजी विद्यालयका विद्यार्थीको प्राप्ताङ्कमा बढी समानता र सामुदायिक विद्यालयका विद्यार्थीको प्राप्ताङ्मा बढी भिन्नता देखा पर्छ ।

♦

# अध्याय -छ

# निष्कर्ष र सुझाव

## ६.१. निष्कर्ष

यो शोधपत्र कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । त्रि.वि. शिक्षा शास्त्र सङ्कायअन्तर्गतको स्नातकोत्तर तह दोस्रो वर्षको कोड नं. ५९८ को परिपूर्तिको प्रयोजनका लागि तयार पारिएको यस शोधपत्रमा कक्षा ६ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको पहिचान, लिङ्ग, मातृभाषा, क्षेत्र र विद्यालयको प्रकृतिजस्ता तथ्यहरूले पठनबोधमा पार्ने प्रभावको पत्तो र पठनबोध परीक्षणपश्चात् प्राप्त परिणामका आधारमा पठनबोध सीप अभिवृद्धिका लागि सुझाव प्रस्तुत गर्ने तीनवटा उद्देश्य राखिएको छ । यी उद्देश्यको परिपूर्तिका लागि मूलतः क्षेत्रीय अध्ययन विधि वा प्रयोगात्मक विधिको अवलम्बन गरी सामग्रीको वर्णनात्मक, र तुलनात्मक विधिद्वारा विश्लेषण गरिएको यस शोधकार्यको प्रतिवेदन तयारी र सैद्धान्तिक सामग्रीका लागि पुस्तकालयीय विधिको उपयोग गरिएको छ । यस शोधमा भोजपुर जिल्लाका दुईवटा सामुदायिक र दुईवटा निजी विद्यालयमा अध्ययनरत जम्मा ८० जना विद्यार्थीमा नेपाली मातृभाषी र विमातृभाषी, गाउँ तथा सहर र छात्र तथा छात्राको अनुपात सकेसम्म मिलाएर जनसङ्ख्याको प्रतिनिधित्व गराइएको छ ।

यस अध्ययनमा सम्पूर्ण विद्यार्थीको पठनबोधको परीक्षणको लागि लिइएको परीक्षाका आधारमा प्राप्त नतिजाको व्याख्या-विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसमा समूहगत रूपमा लिङ्ग, क्षेत्र, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिलाई आधार मानी समूहगत रूपमा विद्यार्थीको प्राप्ताङ्कको तुलनात्मक विश्लेषण गरिएको र यसो गर्दा दृष्टांश, अदृष्टांश, बोध र समग्र बोधलाई आधार मानी प्रतिशत,मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गरिएको छ । यसरी गरिएको विश्लेषणबाट प्राप्त भएको निष्कर्षलाई तल उल्लेख गरिएको छ ।

## ६.२. समग्र विद्यार्थीको पठनबोध विश्लेषणको निष्कर्ष

कूल विद्यार्थीको पठनबोध क्षमता विश्लेषणमा दृष्टांश, अदृष्टांश र जम्मै बोधमा प्राप्त भएको निष्कर्षलाई यहाँ प्रस्तुत गरिएको छ :

- दृष्टांश पठनबोधमा कूल विद्यार्थी सङ्ख्याको ७०% ले ५०% भन्दा बढी अङ्क प्राप्त गरेका छन् । २५ पूर्णाङ्कमा १५.६७ मध्यमान छ र ६१.२५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि छन् । अतः विद्यार्थीको दृष्टांश पठनबोध क्षमता उच्च छ ।

- अदृष्टांश पठनबोधमा कूल विद्यार्थी सङ्ख्याको ६१.५%ले ५०% भन्दा बढी अङ्क प्राप्त गरेको छ । मध्यमान १४.६ छ र ५०% मात्र विद्यार्थी मध्यमानभन्दा माथि छन् । अतः विद्यार्थीको अदृष्टांश पठनबोध क्षमता सामान्य सन्तोषजनक र दृष्टांशको तुलनामा निकै कमजोर छ ।
- समग्रमा विद्यार्थीको पठनबोध क्षमता हेर्दा ६६.२५% ले ५०% भन्दा बढी अङ्क प्राप्त गरेका छन् । मध्यमान ३०.२५ र मध्यमानभन्दा माथि ५२.५ प्रतिशत रहेकोले समग्र बोधमा विद्यार्थीको पठनबोध क्षमता सन्तोषजनक मात्र छ ।
- विद्यार्थीको मानक विचलन हेर्दा अदृष्टांश बोधको नतिजाको मानक विचलन धेरै भएकाले यसमा धेरै भिन्नता देखा पर्छ ।

## ६.३. प्राप्त तथ्याङ्कको तुलनात्मक विश्लेषणको निष्कर्ष

### ६.३.१. क्षेत्रगत आधार

- दृष्टांश पठनबोधमा ५०% भन्दा बढी अङ्क प्राप्त गर्ने गाउँका विद्यार्थीको सङ्ख्याभन्दा सहरका विद्यार्थीको संख्या ३५%ले बढी छ । सहरका विद्यार्थीको मध्यमान ५.३७ ले बढी र मध्यमानभन्दा माथि पर्ने विद्यार्थी २०% ले धेरै छन् । अतः तुलनात्मक रूपमा गाउँका विद्यार्थीको दृष्टांश पठनबोध क्षमता कमजोर र सहरका विद्यार्थीको सबल देखिन्छ ।
- अदृष्टांश पठनबोधमा ५०% कटाउने विद्यार्थी सहरका ४७.५% ले गाउँका भन्दा बढी छन् । सहरका विद्यार्थीको मध्यमान ९.५ ले धेरै र मध्यमानमाथि पर्ने विद्यार्थी १२.५ प्रतिशतले सहरका धेरै छन् । अतः तुलनात्मक रूपमा अदृष्टांश पठनबोध क्षमतामा गाउँका विद्यार्थी धेरै कमजोर र सहरका सबल छन् ।
- समग्रमा पठनबोध क्षमता परीक्षणमा ५०% कटाउने विद्यार्थी गाउँका भन्दा सहरका ५२.६ प्रतिशतले बढी, मध्यमान १६.२५ ले बढी र मध्यमानमाथि हुनेको संख्या १७.५ प्रतिशतले बढी हुनुले सहरका विद्यार्थीको समग्र पठनबोध उच्च र गाउँको कमजोर रहेको पुष्टि हुन्छ ।
- विद्यार्थीको मानक विचलन हेर्दा सबै प्रकारको बोधको नतिजामा सहरको कम र गाउँको बढी हुनुले सहरका विद्यार्थीको पठनबोध क्षमतामा धेरै समानता र गाउँका विद्यार्थीको सो क्षमतामा धेरै भिन्नता देखा पर्छ ।

### ६.३.२. लैङ्गिक आधार

- दृष्टांश पठनबोधमा ५०% कटाउने विद्यार्थी ९.२१ प्रतिशतले छात्रातर्फ बढी, मध्यमान छात्रको भन्दा छात्राको २.८२ ले बढी र मध्यमानमाथि हुने विद्यार्थी ३ प्रतिशतले बढी हुनुले

छात्राको दृष्टांश पठनबोध क्षमता तुलनात्मक रूपमा राम्रो छ । छात्रको यो क्षमता राम्रै भए पनि छात्राको भन्दा कमजोर देखापर्छ ।

- अदृष्टांश पठनबोधमा ५०% कटाउने विद्यार्थी ६.६३ प्रतिशतले छात्रातर्फ बढी, मध्यमान ०.१८ ले बढी र मध्यमानमाथि रहने विद्यार्थी ०.७६ प्रतिशतलले छात्राकै बढी हुनाले छात्राको अदृष्टांश पठनबोध क्षमता राम्रो छ र छात्रको यो क्षमता तुलनात्मक रूपले थोरै कमजोर छ ।
- समग्रमा पठनबोध क्षमता परीक्षणमा ५०% कटाउने विद्यार्थी ७.७९ प्रतिशतले छात्रातर्फ बढी, मध्यमान ०.५८ ले बढी र मध्यमानमाथि रहने विद्यार्थी ३.५८ प्रतिशतले छात्रातर्फ नै बढी छन् । अतः समग्रमा पठनबोध क्षमता हेर्दा छात्राको स्थिति छात्रको भन्दा सबल र छात्रको तुलनात्मक रूपमा केही कमजोर देखिन्छ ।
- विद्यार्थीको मानक विचलन हेर्दा सबै प्रकारको बोधको नतिजामा छात्राको कम र छात्रको बढी हुनुले छात्रा विद्यार्थीको पठनबोध क्षमतामा धेरै समानता र छात्र विद्यार्थीको सो क्षमतामा धेरै भिन्नता देखा पर्छ ।

### ६.३.३. भाषिक पृष्ठभूमिको आधार

- दृष्टांश पठनबोधमा ५०% कटाउने नेपाली मातृभाषी विद्यार्थी विमातृभाषीभन्दा ७.७ प्रतिशतले धेरै, मध्यमान मातृभाषीको ०.३३ प्रतिशतले बढी र मध्यमान माथि रहने विद्यार्थी ३.१ प्रतिशतले मातृभाषी नै बढी छन् । अतः नेपाली मातृभाषी विद्यार्थीको दृष्टांश पठनबोध क्षमता उच्च छ । विमातृभाषीको सो क्षमता राम्रै भए पनि तुलनात्मक रूपमा निम्न छ ।
- अदृष्टांश पठनबोधमा ५०% कटाउने विद्यार्थी ८.५ प्रतिशतले मातृभाषी बढी, मध्यमान १.१७ ले बढी र मध्यमान माथि रहने विद्यार्थी ५ प्रतिशतले मातृभाषी नै बढी भएकाले अदृष्टांश पठनबोधमा मातृभाषीको क्षमता सन्तोषजनक, विमातृभाषीको कमजोर र तुलनात्मक रूपमा मातृभाषीको सबल छ ।
- समग्र पठनबोध परीषणमा ५० प्रतिशत कटाउने विद्यार्थी ४.२ प्रतिशतले मातृभाषी धेरै छन् । अतः नेपाली मातृभाषी विद्यार्थीको समग्र पठनबोध क्षमता उच्च र विमातृभाषीको सो क्षमता सन्तोषजनक र तुलनात्मक रूपमा कमजोर छ ।

नेपाली मातृभाषीको कम र विमातृभाषीको बढी मानक विचलन रहेको अतः सबै प्रकारको पठनबोध क्षमतामा मातृभाषीतर्फ बढी समानता र विमातृभाषीतर्फ धेरै भिन्नता रहेको बुझिन्छ ।

### ६.३.४. विद्यालयको प्रकृतिको आधार

- दृष्टांश पठनबोधमा ५० प्रतिशत कटाउने विद्यार्थी ४०% ले निजी विद्यालयका बढी, मध्यमान ६.५ ले बढी र मध्यमानमाथि रहने विद्यार्थी १२.५% ले बढी हुनुले दृष्टांश पठनबोध क्षमता निजी विद्यालयको धेरै उच्च देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीको सो क्षमता तुलनात्मक रूपमा कमजोर छ ।
- अदृष्टांश पठनबोधमा ५०% कटाउने विद्यार्थी ५५% ले सामुदायिक विद्यालयका कम, मध्यमान ९.५ ले कम र मध्यमान माथि रहने विद्यार्थी १२.५ प्रतिशतले सामुदायिक विद्यालयकै कम हुनुले सामुदायिक विद्यालयका विद्यार्थीको समो क्षमता तुलनात्मक रूपमा धेरै कमजोर र निजीको धेरै उच्च छ ।
- समग्र पठनबोधमा ५०% कटाउने विद्यार्थी ५२.५ प्रतिशतले निजी विद्यालयका बढी, मध्यमान १५.५ बढी र मध्यमानमाथि रहने विद्यार्थी २०% ले निजीका बढी छन् । अतः निजी विद्यालयका विद्यार्थीको समग्र पठनबोध क्षमता उच्च र सामुदायिक तर्फका विद्यार्थीको कमजोर छ ।
- मानक विचलनलाई हेर्दा सबै प्रकारका बोधमा निजीको कम र सामुदायिक तर्फको बढी हुनुले पठनबोध क्षमतामा निजीतर्फ धेरै समानता र सामुदायिकतर्फ धेरै भिन्नता रहेको बुझिन्छ ।

### ६.३.५. सारभूत निचोड

- समग्रमा विद्यार्थीको दृष्टांश पठनबोध क्षमता राम्रो र अदृष्टांश पठनबोध क्षमता कमजोर छ ।
- सबै प्रकारका बोधमा सहरका विद्यार्थीको पठनबोध क्षमता धेरै उच्च र गाउँका विद्यार्थीको सो क्षमता कमजोर छ ।
- छात्राको पठनबोध क्षमता राम्रो र छात्रको पठनबोध क्षमता तुलनात्मक रूपमा कमजोर छ ।
- नेपाली विमातृभाषीको भन्दा मातृभाषी विद्यार्थीको पठनबोध क्षमता राम्रो छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीको पठनबोध क्षमता धेरै कमजोर र निजी विद्यालयका विद्यार्थीको पठनबोध क्षमता धेरै उच्च छ ।
- छात्र, गाउँका, विमातृभाषी र सामुदायिक विद्यालयका विद्यार्थीको पठनबोध क्षमतामा बढी भिन्नता र छात्रा, सहरका, मातृभाषी र निजी विद्यालयका विद्यार्थीको पठनबोध क्षमतामा बढी समानता छ ।

- सामुदायिक विद्यालय र गाउँका विद्यार्थीको अदृष्टांश पठनबोध क्षमता अत्यन्तै कमजोर छ ।

## ६.४. सुझाव

'कक्षा ६ मा अध्ययरन विद्यार्थीको पठनबोध क्षमताको अध्ययन' शीर्षकको यस अध्ययनमा प्राप्त तथ्याङ्कहरूको विश्लेषण र निष्कर्षको प्रस्तुतीकरणका आधारमा निम्न सुझावहरू दिइएको छ

- पठनबोधले भाषिक सीप आर्जन र अभिवृद्धिमा dxŒjपूर्ण भूमिका खेल्ने हुनाले यस कुरालाई केन्द्रमा राखी पाठ्यक्रम एवम् पाठ्यपुस्तक निर्माण गरिनु पर्छ ।
- विद्यार्थीलाई पठनबोध शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्री स्तरनुकूल, प्रामाणिक र उपयुक्त हुनुपर्छ ।
- पठनबोध शिक्षण विद्यार्थीकेन्द्रित विधिबाट गर्दा फलदायी हुन्छ ।
- पठनबोध शिक्षणमा पाठ्यपुस्तकका मात्र सामग्री होइन, बाहिरका सामग्रीको पनि प्रयोग गर्नुपर्छ ।
- विद्यालयले विद्यार्थीका लागि पर्याप्त पुस्तक र पत्रपत्रिकासहितको पुस्तकालय र अध्ययन कक्षको व्यवस्था गर्नुपर्छ ।
- शिक्षकले विद्यार्थीलाई बाहिरी ज्ञान प्राप्त गर्न, पत्रपत्रिका आदि पढ्न प्रेरित गर्नुपर्छ ।
- पठनबोध शिक्षणमा उपर्युक्त शिक्षणक्रम अपनाउनुपर्छ ।
- पठन  र बोधलाई संयुक्त रूपमा अगालेर शिक्षण गर्नु प्रभावकारी हुन्छ ।
- नेपाली विषयलाई हेलचेक्रयाई गर्ने र जुनसुकै शिक्षकले पढाउने परिपाटी अन्त्य गर्नु र शिक्षकलाई अल्पकालीन भए पनि तालिम दिनु आवश्यक छ ।
- नेपाली विमातृभाषी विद्यार्थीको पठनबोध क्षमता वृद्धि गर्न पढाइमा उनीहरूको सक्रियता बढाउनु जरुरी छ ।
- छात्रहरू पढ्ने समय प्राप्त हुँदा पनि कमजोर भएकाले उनीहरूलाई पढाइप्रति प्रेरित गर्नुपर्दछ ।
- शिक्षणका क्रममा लिङ्ग, भाषिक पृष्ठभूमि, उमेर आदिको ख्याल गरेर सोहीअनुसार शिक्षण गर्नुपर्छ ।
- सामुदायिक विद्यालयमा कक्षा लिने शिक्षकले पनि उत्तिकै जिम्मेवारीपूर्वक शिक्षण गर्नुपर्छ ।

♦

# सन्दर्भग्रन्थसूची

**अ. प्रकाशित पुस्तक**


- अधिकारी, हेमाङ्गराज (२०५९), **भाषा शिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
- अधिकारी, हेमाङ्गराज (२०६२), **नेपाली भाषाशिक्षण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।
- ओझा, बाबुराम (२०६२), **नरेन्द्र चापागाईंको शोध निर्देशक व्यक्तित्व**,(सम्पा.दधिराज सुवेदी), नरेन्द्र स्मृति ग्रन्थ, विराटनगरः पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।
- ढकाल, शान्तिप्रसाद (२०६६), **नेपाली भाषा शिक्षणः परिचय र प्रयोग**, काठमाडौंः शुभकामना प्रकाशन ।
- ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६३), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौंः एम.के. पब्लिसर्स एन्ड डिष्ट्रिब्युर्टस ।
- नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पा.वि.के (२०५८) **निम्न माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रम,** भक्तपुर : सानोठिमी ।
- नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पा.वि.के (२०६४) **हाम्रो नेपाली किताब कक्षा ६,** भक्तपुर : सानोठिमी ।
- पोखरेल, बालकृष्ण र अन्य (२०५५),**नेपाली बृहत् शब्दकोश** (सम्पा.) काठमाडौंः ने.रा.प्र.प्र. ।
- भण्डारी, पारसमणि (२०६२), स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण, काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।
- लामिछाने, यादवप्रकाश (२०६२), **नेपाली भाषा शिक्षण परिचय**, दोस्रो.संस्क.काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।
- शर्मा, केदारप्रसाद र अन्य (२०६५), **मेरो नेपाली माला ६,** दोस्रो संस्क., काठमाडौँ : युनाइटेड नेपाल पब्लिकेसन ।
- शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।
- शर्मा,चिरञ्जीवी र निर्मला शर्मा (२०६५), **पाठ्यक्रम योजना र अभ्यास,** काठमाडौँ : एम. के. पब्लिसर्स एन्ड डिस्टिब्युटर्स ।
- शर्मा, मोहनराज (२०६३), **शब्द रचना र वर्णविन्यास,** काठमाडौंः नवीन प्रकाशन ।


**आ. अप्रकाशित शोध**

- खड्का, हेमन्त (२०६४), **माध्यमिक तहमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, : नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।
- खनाल, शान्ति (२०६२), **काठमाडौं उपत्यकामा कक्षा ९ मा अध्ययरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, : नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।
- गौतम, गुरूप्रसाद (२०६०), **कक्षा ९ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, : नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।
- ज्ञवाली, कृष्णप्रसाद (२०६२) **कक्षा १० मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, : नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।
- दाहाल, इन्दिरा (२०६५), **कक्षा ५ अध्ययनरत विद्यार्थी पठनबोध क्षमताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, मोरङ : सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षण विभाग ।
- पोखेल, लेखनाथ (२०६१), **कक्षा ८ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, : नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।
- भण्डारी, पारसमणि (२०६०), **कक्षा ४ का विद्यार्थीको पठनबोध क्षमताको अध्ययन**, अप्रकाशित लघु अनुसन्धान, शिक्षा, डीनको कार्यालय, त्रि.वि. ।
- राई, शङ्करकुमार (२०३९), **दसौं कक्षामा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन**, स्नातकोत्तर शोधपत्र, : नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।
- सुवेदी, हिरालाल (२०५७), **काठमाडौं र झापाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको तुलनात्मक अध्ययन**, स्नातकोत्तर शोधपत्र, : नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।
- शाह, कमला (२०६५) **माध्यमिक तहको पठनबोध शिक्षणमा अपनाइएको क्रियाकलापको अध्ययन**, स्नातकोत्तर शोधपत्र, : नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।

♦

## परिशिष्ट-१
## पठनबोध परीक्षण

नाम :........................................................ प्राप्ताङ्क :................
कक्षा :.................................... रोल नं....................
विद्यालय : ......................................... पूर्णाङ्क : ५० समय : २ घण्टा

**कथापठन :** **१५**

असारको महिना थियो । दिउँसोको टन्टलापुर घामका मारे किसानहरू मेलो छोडेर चौतारामा बसेका थिए । कुलामाथि चौतारो, कुलामुनि आशामरु साहुको हिउँदे पसल, त्यसमुनि ज्यामिरे बेंसीको फाट । निकै रमाइलो थियो । किसानहरू कोही पसलमा तमाखु किनेर कक्कड भर्न लागेका थिए । धर्मानन्द पाध्ये चौतारामा बसेर गफ चुटदै थिए । गुमाने घर्ती हत्केलामा मुन्टो अड्याएर ढुङ्गामा पल्टेको थियो । धनजिते भोटे पसलका डिलमा बसेर घुम बुन्न लागेको थियो ।

धर्मानन्द अलि ठट्यौला किसिमका मानिस थिए, वीर सिक्का पढ्थे, गाउँको बुज्रुक हुँ भन्ने घमण्ड गर्थे र मानिसलाई लडाएर तमासा हेर्ने उनको स्वभाव थियो । एक छिनपछि गुमानेका गोरु धनजितेका बिउमा पसे । आजभोलि रोप्नुपर्ने बिउ, धनजिते आगो भो । घुम भुइँमा मिल्काएर गोरुलाई लगारी लगारीकन चुट्न लाग्यो । किसानहरू सबै कुरा सहन सक्छन परन्तु बस्तुलाई अर्काले दया छोडेर कुटेको सहन सक्दैनन् । बिउबाट धपाइन्जेल त गुमाने केही बोलेको थिएन, परन्तु जब कुट्न थाल्यो अनि गुमानेको रिसको सीमा रहेन । असार महिनाको दिनभर जोत्नुपर्ने गोरु, उसमाथि पसेका मात्र थिए, उति नोक्सान गरेका केही थिएनन् । गुमानेले जुरूक्क उठेर भन्यो, “बिउ नोक्सान गरेको छ भने अर्मल ले, असारका गोरू किन कुट्छस् ए धनजिते !”

आजभोलि रोप्ने बिउको अर्मल तिर्ने कुरा सुनेर धनजितेलाई सहीनसक्नु भो । पाखुरा सुर्कदै “तेरा डाम्ना छाडा गरेर असारको बिउ चराउँछस्, अझै अर्मलको धाक लाउँछस्, गुमाने चोर !”

धर्मानन्दलाई लडाउने मौका पर्‍यो । सुर्तीको लुँडो निमोठ्दै भने, “कस्तो मिचाहा भोटे रहेछ । बिहानभरि जोतेका गोरुलाई आफै कुट्छ, अझ उही चोर र सोर उड्कन्छ ।”

गुमानेका कन्सिरी अघि नै तातिसकेका थिए । धर्मानन्दका कुराले झन भुतुक्क भयो । निर्धाको हात छिटो चल्छ भन्छन् “किन मुख छोड्छस् ए धनजिते डाकु” भनेर हात मिसिहाल्यो ।

धनजिते पनि चढदो उमेरको मानिस, बलको तुजुक किन हट्थ्यो ? दुवैजना लठारिंदै चौतारामनि पुगे । तमासा हेर्नेको ठट लाग्यो । धनजितेले गुमानेलाई लगेर कुलामा पछार्‍यो । गुमाने ढाक्रेहरूले चम्को लगाएको ढुङ्गो दुईहातले उचालेर आइलागेको थियो, तर धर्मानन्दले छेके ।

चौतारामा झगडा भएको दिनदेखि धनजिते र गुमानेको बोलचाल बन्द भयो ।

**अभ्यास :**

१. **ठीक भए ठीक र बेठीक भए बेठीक लेख :** **५**

क) धर्मानन्द रिसाहा खालका मान्छे थिए ।

ख) गुमानेका गोरुलाई धनजितेले कुट्यो ।

ग) ज्यामिरे बेसींभन्दा मुनि आशामरु साहूको पसल थियो ।

घ) धनजितेलाई गुमानेले कुलामा पछार्‍यो ।

ङ) किसानहरूले धनजिते र गुमानेको झगडा मिलाइदिए ।

**२. तलका शब्द अर्थको जोडा मिलाऊ : २**

| | |
|---|---|
| घुम | पशुलाई गाली गर्दा भनिने शब्द |
| ठट | चित्रा र पातबाट बनाइएको दुई पाखे पानीमा ओड्ने साधन |
| डाम्ना | भिडभाड |
| अर्मल | गाईबस्तुले बाली खाएमा बालीधनीलाई तिर्ने अन्न |

**३. कसले कसलाई भनेको हो ? लेख । २**

क) बिउ नोक्सान गरेको छ भने अर्मल ले, असारका गोरू किन कुट्छस् ?

ख) तेरा डाम्ना छाडा गरेर असारको बिउ चराउँछस् ।

**४. तलका प्रश्नको उत्तर लेख : ६**

क) चौतारामा किसानहरू किन बसेका थिए ?

ख) धर्मानन्दको स्वभाव कस्तो थियो ?

ग) धर्मानन्द र गुमाने के के गर्दै थिए ?

घ) धनजिते किन आगो भएको हो ?

ङ) धनजिते र गुमानेको कहिलेदेखि बोलचाल बन्द भयो ?

च) धनजिते र गुमानेको झगडा कसका कारणले भएको हो भन्ने तिमीलाई लाग्छ ? र किन ?

**निबन्ध पठनः १०**

विश्वको नक्सामा सानो देखिने हाम्रो देश नेपाल विविधताको भण्डारको रूपमा रहेको छ । यहाँ अनेक थरीका मानिस बसोबास गर्दछन् र उनीहरूले मान्ने चाडपर्व पनि थुप्रै छन् । तिनै चाडपर्वमध्ये लोसर पनि नेपालको प्रसिद्ध चाड हो ।

लोसर चाड नेपालकै हिमाली क्षेत्रमा बस्ने शेर्पा, तामाङ, लामा र गुरूङ जातिका मानिसहरूले धुमधामका साथ मान्ने गर्छन् । हरेक वर्ष यो चाड जाति अनुसार फरकफरक समयमा मनाउने गरिन्छ । यस चाडलाई बुझाउने ‘लोसर’ शब्दको ‘लो’ ले वर्ग र ‘सर’ ले नयाँ वर्षलाई बुझाउँछ । हरेक नयाँ वर्षलाई बुझाउने मुसा, गाई, बाघ, बिरालो, गरुड, नाग, घोडा, भेडा, बाँदर, चरा, कुकुर र बँदेल गरी बाह्र वर्गहरू हुन्छन् । मानौँ यसपालिको वर्ष मुसा वर्गमा पर्‍यो भने आघौंको वर्ष गाई वर्ष हुन जान्छ । यही क्रमले बाह्र वर्ष सिद्धिएपछि सुरुदेखि दोहोरिँदै जान्छ । लामाहरूका अनुसार बुद्धले तपस्या गरिरहेका बेलामा राक्षसले दुःख दिएको थियो । त्यस राक्षसबाट बच्न बुद्ध अदृश्य भएर तपस्या पूरा गरी राक्षसलाई मासेका थिए । त्यसैले लोसर चाडमा दिनहु १५ दिनभर बुद्धको पूजा धुमधामसाथ गर्ने चलन चलेको हो ।

लोसर चाडमा वाण हान्ने र घोडा कुदाउने प्रतियोगिता पनि हुने गर्छ । यो हिमाली भेगमा बसोबास गर्ने मानिसहरूको सबैभन्दा ठूलो चाड भएकाले त्यस अवसरमा टाढा-टाढाका आफन्त भेला भई शुभकामना आदानप्रदान गर्नुका साथै मीठामीठा परिकार बनाई खाने र रमाइलो गर्ने गर्छन् ।

**अभ्यास :**

**१. ठीक बेठीक छुट्याऊ : ५**

क) नेपालमा एकै थरीका मानिसहरू बसोबास गर्छन् ।
ख) लोसर नेपालको हिमाली भेगमा बस्ने मानिसले मनाउने चाड हो ।
ग) लोसर चाड जातिअनुसार फरकफरक समयमा मनाइन्छ ।
घ) हरेक नयाँ वर्षलाई बुझाउने दशवटा वर्ग हुन्छन् ।
ङ) लोसरमा आफन्तहरूको भेटघाट र रमाइलो हुन्छ ।

**२. तलका प्रश्नहरूको छोटो उत्तर देऊ : ५**

क) लोसर चाडमा कुन देवताको पूजा हुन्छ ?
ख) 'लोसर' शब्दले के कुरा बुझाउँछ ?
ग) हरेक नयाँ वर्षमा बदलिने वर्ग के के हुन् ?
घ) लोसरका अवसरमा आयोजना हुने कुनै दुई खेलको नाम लेख ।
ङ) लोसारमा बुद्ध पूजा गर्ने चलन किन चलेको हो ?

## कविता पठनः ५

भाषा प्रचार गरी देशविषे फिँजाई,
निस्वार्थ रामप्रति भक्ति दिई जगाई
नाना विभक्त जनजो अविभक्त पारी
सेवा गऱ्यौ अटल यो गनिनेछ भारी ॥

हे भानुभक्त अनुरक्त छ जाति सारा,
तिम्रा सुधा सरि मिठा पढि काव्यधारा
तिम्रा मिठा मधुर काव्यकला निमित्त,
आजन्म देश रहनेछ कृतार्थचित्त ॥

**अभ्यास :**

**१. तलका प्रश्नको उत्तर देऊ : ३**

क) भानुभक्तका कविता कस्ता छन् ?
ख) कविप्रति हाम्रो देश सदाका लागि किन कृतार्थ रहनेछ ।
ग) कवि भानुभक्तले देशका लागि कस्तो सेवा गरे ?

**२. तलका शब्द र अर्थको जोडा मिलाऊ : २**

नाना - अमृत

| | | |
|---|---|---|
| अटल | - | मीठो |
| सुधा | - | थरिथरि |
| मधुर | - | हलचल नगर्ने |

**जीवनी पठनः** **१०**

आजको युगलाई विज्ञानको युग भनिन्छ । विज्ञानका क्षेत्रमा भएका प्रगति र नयाँनयाँ आविष्कारले गर्दा संसारले कोल्टे फेरेको छ । आजको संसार एकाएक यस परिस्थितिमा आइपुगेको होइन, यसका पछाडि कैयौं वैज्ञानिकहरूको निरन्तर प्रयास र संलग्नता रहेको छ । यस्तै वैज्ञानिकहरू मध्ये लुइपास्चर पनि एक हुन् । लुइपास्चरको जन्म २७ डिसेम्बर १८२२ मा फ्रान्समा भएको थियो । लुइपास्चरको चिकित्सा र रसायन विज्ञानका क्षेत्रमा साह्रै ठूलो देन छ । उनले विभिन्न रोगका उपचारहरू पत्तालगाई मानवजीवनको अमूलय सेवा गरेका छन् । कुखुरामा लाग्ने रोग, रेसम किराको रोग र बौलाहा कुकुरले टोकेको रोगको औषधि पत्ता लगाई संसारलाई बिर्सन नसक्ने गुन लगाउने वैज्ञानिक लुइ पास्चर नै हुन् ।

लुइपास्चरले लामो समयसम्म किटाणु सिद्धान्तको अध्ययन गरे । एउटा भाँडोको हावा बाहिर निकाल्ने र बाहिरको हावा पनि भित्र पस्न नदिने हो भने त्यसमा सड्न सक्ने वस्तुहरूलाई सड्न नदिईकन निकै दिनसम्म सुरक्षित राख्न सकिन्छ भन्ने कुरा पास्चरले नै पत्ता लगाएका हुन् । उनले दुधलाई शुद्ध बनाउने विधि पनि निकाले । दुधलाई शुद्ध पार्ने पाश्चरको प्रक्रियालाई पास्चरीकरण भनिन्छ । यसप्रकार हानिकारक जीवाणुहरूको उत्पत्ति रोक्ने र उत्पत्ति भइसकेका जीवाणुहरूलाई नष्ट गर्ने उपायको खोज गरी लुइपास्चरले रोगको उपचार गर्ने र खाद्य पदार्थ सुरक्षित राख्ने काममा ठूलो सहायता पुऱ्याएका छन् ।

**अभ्यास :**

१. **माथिको गद्यांशका आधारमा खाली ठाउँ भर : ५**

क) आजको संसारले कोल्टे फेर्नुमा कैयौं ................... को हात छ ।
ख) पास्चरको जन्म .................... मा भएको थियो ।
ग) पास्चरले ............. को अमूल्य सेवा गरेका छन् ।
घ) उनले ..................... किटाणु सिद्धान्तको अध्ययन गरे ।
ङ) दुधलाई शुद्ध पार्ने पास्चरको विधिलाई ..............भनिन्छ ।

२. **तलका प्रश्नको छोटो उत्तर लेख : ५**

क) आजको युगलाई किन विज्ञानको युग भनिएको हो ?
ख) पाश्चरले के कस्ता रोगको औषधि पत्ता लगाए ?
ग) पास्चरले कुनकुन क्षेत्रमा योगदान दिए ?
घ) पास्चरले खोजले कुनकुन दुईवटा काममा सहायता पुऱ्याएको छ ?
ङ) पाश्चरको बारेमा जानकारी पढेर तिमीले के शिक्षा पायौं ?

**संवाद पठनः** १०

*(कालिन्चोक मा.वि. चरिकोटका अलका, आस्था र सुरज दिउँसोको छुट्टीमा आफ्नै विद्यालय अगाडि कुराकानी गर्दै छन् । यी तीनैजना कक्षा ६ विद्यार्थी हुन् ।)*

**अलका :** आस्था ! तिमीले आज समाचार सुन्यौ ?

**आस्था :** के समाचार ! कस्तो समाचार हँ ?

**सुरज :** अलका ! रेडियोको कि टेलिभिजनको समाचार ?

**अलका :** रेडियो वा टेलिभिजन जेको भए पनि समाचार त आखिर एकै त हो नि ! होइन र ?

**आस्था :** म त समाचार भन्ने कुरा कहिल्यै सुन्दिनँ । रेडियो टेलिभिजन खोल्दा पनि नाचगान र रमाइलो कार्यक्रम रहेछ भने मात्र, नत्र बन्दै गरिदिन्छु ।

**सुरज :** म पनि समाचार त सुन्दै सुन्दिनँ । हाम्रा बुबा, दाइहरू भने समाचार आउने बेलामा कान थापेर सुन्नुहुन्छ । मलाई त दिक्क लाग्छ । त्यस्तो जाबो समाचार पनि के सुन्न मन लागेको को हो कुन्नि ।

**अलका :** आस्था र सुरजका कुरा सुनेर म त छक्क परेँ । रिसाउँदैनौ भने एउटा कुरा भनूँ ?

**आस्था :** (गजक्क गज्किएर) किन रिसाउने नि, मज्जाले भन् न ।

**अलका :** हामी संसारमा कहाँ के भइरहेको छ भन्ने कुरा समाचारबाट नै थाहा पाउँन सक्छौँ । विद्यार्थीहरूले त संसारका गतिविधि बुझ्नुपर्छ । देश विदेशका कुरा नबुझ्ने हो भने किताब पढेर मात्र के हुन्छ र ?

१. **तलका भनाइहरू कसले भनेको हो : ५**

क) रेडियोको कि टेलिभिजनको समाचार ?
ख) म त समाचार भन्ने कुरा कहिल्यै सुन्दिनँ ।
ग) किन रिसाउने नि मज्जाले भन न ।
घ) मलाई त दिक्क लाग्छ ।
ङ) विद्यार्थीले त संसारका गतिविधि बुझ्नुपर्छ ।

२. **तलका प्रश्नको छोटो उत्तर देऊ : ५**

क) माथिको संवादका सहभागी को को र कुन विद्यालयका हुन् ।
ख) तिमी समाचार सुन्छौ वा हेर्छौ कि सुन्दैनौ वा हेर्दैनौ ? सुन्छौ वा हेर्छौ भने कुनकुन रेडियो वा टेलिभिजनबाट ? लेख ।
ग) विद्यार्थी जीवनमा समाचारको के dxŒj छ ?
घ) सुरजलाई के कुराले दिक्क लाग्छ ?
ङ) समाचारसम्बन्धी कसका विचार तिमीलाई मन पर्‍यो ? र किन ?

*समाप्त*

## परिशिष्ट २

## नमुना प्रतिनिधिको नामावली र विद्यालय

| क) श्री विद्योदय उ.मा.वि., भोजपुर | | ख) श्री सिद्धकाली इङ्लिस स्कूल , भोजपुर | |
|---|---|---|---|
| १ | पेम्मा शेर्पा | १ | गौरब खड्का |
| २ | अमिता श्रेष्ठ | २ | पुजा बस्नेत |
| ३ | रेखा तामाङ | ३ | ऋचा सापकोटा |
| ४ | सुस्मिता राई | ४ | निशान खड्का |
| ५ | राजेश श्रेष्ठ | ५ | रञ्जु आचार्य |
| ६ | मिलन ओझा | ६ | सञ्जय राई |
| ७ | तेजबहादुर श्रेष्ठ | ७ | धनराज तामाङ |
| ८ | अर्जुन बि.क. | ८ | रचना प्रधान |
| ९ | मनिषा बराइली | ९ | प्रतिभा राई |
| १० | बन्दना परियार | १० | पुजा राई |
| ११ | स्वस्तिका बि.क. | ११ | निमलक्की शेर्पा |
| १२ | विष्णु तामाङ | १२ | निरुता श्रेष्ठ |
| १३ | फुर्लामु शेर्पा | १३ | एलिस राई |
| १४ | दालाकी शेर्पा | १४ | सुभास तामाङ |
| १५ | मनिष बि.क. | १५ | सृविका श्रेष्ठ |
| १६ | सुजन खड्का | १६ | अनुस्का श्रेष्ठ |
| १७ | सुदा खड्का | १७ | प्रितमा लामा |
| १८ | शर्मिला प्रधान | १८ | पासाङ्दिकी शेर्पा |
| १९ | देविका कालिकोटे | १९ | प्रगति राई |
| २० | पेम्दिकी शेर्पा | २० | मनिसा तामाङ |

| ग) श्री सरस्वती नि.मा.वि., पोखरे | घ) युनिक एन्ड युनाइटेड पब्लिक एकाडेमी, पोखरे |
|---|---|
| १. रोजिना राई | १. निकिता राई |
| २. सुरस थापा | २. मौसम फुयल |
| ३. निशा तामाङ | ३. बादल फुयल |
| ४. बुद्ध तामाङ | ४. एरिक बराइली |
| ५. कविराज राई | ५. फुर्तेन्जी शेर्पा |
| ६. दिवस राई | ६. सूर्यमान तामाङ. |
| ७. प्रवीण खड्का | ७. केमिका श्रेष्ठ |
| ८. सुषमा तामाङ | ८. सुषमा कार्की |
| ९. निराज राई | ९. अंशु श्रेष्ठ |
| १०. साइत्रा तामाङ | १०. अदीप राई |
| ११. सविना खड्का | ११. मिलन कार्की |
| १२. कल्पना कार्की | १२. नितिका राई |
| १३. शालिकराम भुजेल | १३. श्रीदेवी राई |
| १४. रिता बि.क. | १४. श्रीकृष्ण श्रेष्ठ |
| १५. गङ्गा खड्का | १५. सुनिता खत्री |
| १६. ज्ञानु तामाङ | १६. सरोज पाखिन |
| १७. आरती तामाङ | १७. बविता तामाङ |
| १८. जोसन राई | १८. प्रीति मोक्तान |
| १९. शुसन राई | १९. सोनाम शेर्पा |
| २०. आमोश राई | २०. प्रतिक्षा राई |